# महोत्तरी जिल्लाका विजलपुरामा प्रचलित नेपाली लोकगीतको सङ्कलन र वर्गीकरण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिकशास्त्र
संङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह
(एम.ए.) द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनका लागि प्रस्तुत

## अध्ययन प्रतिवेदन


शोधकर्ता

गीता रिमाल

प्राइवेट परीक्षार्थी

परीक्षा रोल नं. ९५४००१४


जनकपुर

२०६७

# अध्ययन-मूल्याङ्कन समितिको

## स्वीकृति पत्र

गीता रिमालले स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **बिजलपुरामा प्रचलित लोकगितको सङ्कलन र वर्गीकरण** शीर्षकको शोधकार्य सोही प्रयोजनका निमित्त स्वीकृत गर्दछौं ।

.................................. .................................. ..................................

# कृतज्ञता-ज्ञापन

**महोत्तरी जिल्लाको बिजलपुरा गा.वि.स. को प्रचलित लोकगितको सङ्कलनकन र वर्गीकरण** शीर्षकको प्रस्तुत अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा आफनो कार्यव्यस्तताका बाबजुद पनि मेरा लागि समय निकालेर अत्यन्त सौहार्द ढङ्गले परामर्श र उचित मार्गनिर्देशन दिनुहुने आदरणीय गुरु सह-प्राध्यापक डा. स्थिरप्रसाद पराजुली ज्यूले लगाउनु भएको गुण सदा सस्मरण गरिरहनेछु ।

यस्तै यो अध्ययन पत्र तयार गर्ने क्रममा सल्लाह र सुझाव दिनुहुने आदरणीय गुरुहरु डा. राजेन्द्र विमल, सह-प्राध्यापक तीर्थराज थापा, उप-प्राध्यापक चन्देश्वर लाल कर्ण, लक्ष्मी रिजाल, सोमनाथ भट्टराई, माधव प्रसाद भट्टराई, उमेश पोखरेल, दीपक पौडेलप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यसरी नै लोकगीतहरु संकलन गर्ने क्रममा पटक-पटक महोत्तरी गइरहँदा सहयोगी भावना बोकेर सहयोग गर्नुहुने महोत्तरी जिल्ला विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलबासी सम्पूर्ण बुवाआमा, दाजुभाइ तथा दिदी बहिनीहरुप्रति पनि म आभार प्रकट गर्दछु । साथै महोत्तरी सांस्कृतिक, आर्थिक, शैक्षिक गतिविधिजस्ता विविध पक्षबारे जानकारी गराउने जि.वि.स. महोत्तरी, जि.शि.का. महोत्तरीका सहयोगलाई सम्झनु पनि मैले आफ्नो कर्तव्य ठानेको छु ।

अध्ययन प्रतिवेदन लेखनका निम्ति मसँगै महोत्तरीका विभिन्न स्थलहरुमा पुगेर गीत रेकर्ड र संकलन गर्न सहयोग गर्ने वहिनी आस्मा रिमालको सहयोग भुल्न नसकिनेछ ।

मलाई यस अवस्थामा ल्याईपुरयाउन हरेक क्षेत्रबाट आफ्नो दायित्व निर्वाह गर्नुहुने बुवा विष्णु प्रसाद रिमाल र आमा अन्नपूर्णा रिमाल प्रति म सधैँ ऋणी रहनेछु ।

यसरी नै मलाई अध्ययनका निम्ति उचित वातावरण तयार पारिदिनुहुने दाजु भाउजुको गुण पनि कहिल्यै विर्सने छैन । साथै हरेक क्षेत्रमा सहयोग पुरयाउँदै आउनु भएकी दिदी भिनाजुलाई पनि नसम्झि रहन सक्तिन ।

अध्ययन प्रतिवेदन तयार गर्दा विविध क्षेत्रबाट सहयोग पुऱ्याउने मेरी भतिजी शिक्षा रिमाल पनि सधै अविस्मरणीय रहनेछ ।

यस अध्ययन प्रतिवेदनलाई यथासम्भव शुद्ध र स्पष्टताका साथ टङ्कण गर्न सहयाग गरिदिने सुशील कुमार ठाकुर (श्री राम कम्प्यूटर, रामचौक, जनकपुरधाम-४) लाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस अध्ययन प्रतिवेदनमा समावेश भएका सम्पूर्ण लोकगीतहरु क्यासेटमा सुरक्षितसाथ सङग्रह गरिराखेको जानकारी गराउँदै यस अध्ययन प्रतिवेदनको आवश्यक मूल्यांकनका लागि रा.रा.ब. कयाम्पस नेपाली शिक्षण विभाग समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६७......।......।......


प्रस्तुतकर्ता

**गीता रिमाल**

०६७ ।

९५४००१४

नेपाली शिक्षण विभाग, जनकपुर

# विषयसूची

## पहिलो परिच्छेद

## शोध प्रस्ताव

## अध्ययन प्रतिवेदन


१.१ अध्ययन प्रतिवेदन शीर्षक

१.२ अध्ययपत्रको प्रयोजन

१.३ विषय परिचय

१.४ समस्याकथन

१.५ अध्ययन प्रतिवेदनका उद्देश्यहरु

१.६ पूर्वकार्यको समीक्षा

१.७ अध्ययन प्रतिवेदनको औचित्य

१.८ अध्ययन प्रतिवेदनको सीमाङ्कन

१.९ सामाग्री संकलन र शोध विधि

१.१० अध्ययपनत्रको रुपरेखा


## दोस्रो परिच्छेद

## विजलपुराको संक्षिप्त परिचय


२.१ ऐतिहासिक पृष्ठभूमि

२.२ भौगोलिक परिचय

२.३ राजनीतिक/प्रशासनिक विभाजन

२.४ नदीनाला

२.५ प्रमुख स्थलहरु

२.६ शैक्षिक स्थिति

२.७ सामाजिक जनजीवन

२.८ साहित्यिक गतिविधि

२.९ निष्कर्ष

## तेस्रो परिच्छेद

## लोकगीतको सैद्धान्तिक परिचय

३.१ लोकगीतको परिचय

३.२ लोकगीतको परिभाषा

३.३ लोकगीतको वर्गीकरण

३.४ लोकगीतको विशेषता

३.५ निष्कर्ष

## चौथो परिच्छेद

## विजलपुरामा प्रचलित नेपाली लोकगीतहरुको संकलन

४.१ संस्कारगीत

४.२ कर्मगीत

४.३ बाह्रमासे गीत

४.४ पर्वगीत

४.५ निष्कर्ष

## पाँचौ परिच्छेद

## विजलपुरामा प्रचलित नेपाली लोकगीतहरुको वर्गीकरण

५.१ पृष्ठभूमि

५.२ संरचनाका आधारमा वर्गीकरण

५.३ सहभागिताका आधारमा वर्गीकरण

५.४ निष्कर्ष

## छैठौं परिच्छेद

## उपसंहार तथा निष्कर्ष

६.१ उपसंहार

६.२ निष्कर्ष

६.३ सम्भाव्य अध्ययन प्रतिवेदन शीर्षकहरु

# सङ्क्षेपीकृत शब्दसूची

**विजलपुरामा प्रचलित लोकगीतहरुको संकलन र वर्गीकरणमा प्रयोग भएको संक्षिप्त शब्दहरुः**

| | | |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| इ.बो. | : | इङ्गिलश बोर्डिङ्ग |
| क्र.सं. | : | क्रम संख्या |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| डा. | : | डाक्टर |
| डि.से | : | डिग्री सेन्टिग्रेट |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | : | दोस्रो संस्करण |
| नं. | : | नम्बर |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| पा.वि.के. | : | पाठ्यक्रम विकास केन्द्र |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| पृ. | : | पृष्ठ |
| मि. | : | मिटर |
| सम्पा. | : | सम्पादक |
| सा.सं. | : | सातौं संस्करण |

# पहिलो परिच्छेद

# शोध प्रस्ताव

## १.१ अध्ययन प्रतिवेदन

प्रस्तुत अध्ययन प्रतिवेदनको शीर्षक **"महोत्तरी जिल्लाको विजलपुरामा प्रचलित लोकगीतको संकलन र वर्गीकरण"** रहेको छ ।

## १.२ अध्ययन प्रतिवेदनको प्रयोजन

प्रस्तुत अध्ययन प्रतिवेदन त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत रा.रा.ब. कयाम्पस नेपाली शिक्षण विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लगि तयार गरिएको हो ।

## १.३ विषयगत परिचय

लोकगीत भानवसभ्यताको विकाससँगसँगै प्रारम्भ भएको मानिन्छ (लोकसाहित्यका विभिन्न विधाहरु (लोकगीत, लोककथा, लोकनाटक आदि) लोकगीतलाई सर्वप्राचीन र सर्वप्रिय विधा मानिन्छ । ग्रामीण लोकजीवनका विविध पक्षहरु सामाजिक, सांस्कृतिक चालचलन, सुखदुःख, हर्ष-पीडा, आशा-निराशा, उत्साह-उमङ्ग प्रेमप्रसङ्ग आदिका अभिव्यक्तिको सशक्त माध्यम लोकगीत हो । कुनै पनि समाजको विगतको इतिहास, त्यहाँको आर्थिक, सामाजिक, शैक्षिक अवस्था चेतनाको स्तर र अन्य विविध पक्षहरुका बारेमा जिज्ञासा मेट्न सम्वन्धीत समाजमा प्रचलित लोकगीतको अध्ययन गर्नु आवश्यक हुन आउँछ किनभने लोकगीत लोकको इतिहास हो र वर्तमान भविष्यको सूचक पनि हो ।

महोत्तरी जिल्लाको विजलपुरा गा.वि.स.को वार्ड नं. २ प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक विविधताले परिपूर्ण वार्ड हो । यहाँ विविध जातजातिका मानिसहरु बसोबास गर्दछन् र उनीहरुका आ-आफ्नै सामाजिक, सांस्कृतिक, परम्पराहरु छन् । यहाँ व्रतवन्ध, विवाह र मृत्युजस्ता संस्कार कर्म र तीज दशैं, तिहार आदि महत्वपूर्ण चाडपर्वहरु मनाईन्छन् । यी चाडपर्व र संस्कारकर्म मनाउँदा ती संस्कारहरुसँग सम्वनधीत गीतहरु गाएर मनोरञ्जन गर्ने परम्परा रहेको छ । यहाँ भजन, बालन, सिलोक, सँगिनीजस्ता गीतहरु अत्यन्त लोकप्रिय रहेका छन् । यहाँ विवाह संस्कारमा सिलोक, रत्यौली र खाँडोगीत गाउने प्रचलन पनि रहेको छ । त्यस्तै यहाँ तीजमा तीजे,

सँगिनी र तिहारमा देउसी, भैलो गीत गाईन्छन् । यहाँ असारे, दाइँजस्ता कर्मगीतहरु पनि गाईन्छन् । यस्ता गीतहरुमा स्थानीय लोकजीवनका विशुद्ध अभिव्यक्ति प्रकट भएका हुन्छन । यहाँ धान नाच गीत चण्डी नाच गीत जस्ता जातीय गीतहरु पनि देखिन्छन् ।

हाल आएर आधुनिक सञ्चारमाध्यमका साथसाथै नेपालमा भित्रिएका हिन्दी, अङ्ग्रेजीगीतका प्रभावले गर्दा स्थानीय मूल्य, मान्यता र परम्परालाई प्रतिविम्बित गर्ने लोकगीतहरु ओझेलमा पर्न थालेका छन् । यही समस्या महोत्तरी जिल्लाको विजलपुरा गा.वि.स. वार्ड नं २ विजलपुरामा पनि रहेको छ । यस्तो स्थितिमा यहाँका लोकगीतहरुको अध्ययन, अनुसन्धान, संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक छ ।

## १.४ समस्याकथन

नेपाली लोकसाहित्यमा मात्र नभई लिखित साहित्यको समृद्धिको लागि समेत लोकगीत बलियो आधारस्तम्भका रुपमा रहेको छ । नेपाली लोकजीवनका विविध अनुभूतिहरु लोकगीतमार्फत अभिव्यक्त भएका हुन्छन् । विजलपुरामा पनि त्यस्ता गीतहरु प्रशस्त मात्रामा रहेका छन् तर यहाँका लोकगीतका बरोमा व्यवस्थित किसिमले हालसम्म अध्ययन र अनुसन्धान भएको पाइदैन । त्यसैले निम्निलिखित समस्याहरुमा केन्द्रियत भई प्रस्तुत अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

१) विजलपुरामा के कस्ता लोकगीतहरु प्रचिलत छन् ? सो को पहिचान गर्न कठिनाई ।

२) विजलपुरामा प्रचलित लोकगीतहरुलाई के कति वर्गमा वर्गीकरण गर्न नै समस्या ।

३) विजलपुरामा प्रचलित लोकगीतहरुलाई विषयवस्तु, प्रस्तुति, संरचना र भाषाशैलीका आधारमा के कसरी विश्लेषण गर्ने त्यो नै मूल समस्या ।

## १.५ अध्ययन प्रतिवेदनका उद्देश्यहरु

उपयुक्त अध्ययन प्रतिवेदन समस्यामा केन्द्रित रही गरिने यस अध्ययन प्रतिवेदनका उद्देश्यहरु यस प्रकार छन् ।

१) विजलपुरामा प्रचलित नेपाली लोकगीतहरुको संकलन गर्नु,

२) विजलपुरामा प्रचलित नेपाली लोकगीतहरुको वर्गीकरण गर्नु,

३) विजलपुरामा प्रचलित नेपाली लोकगीतहरुलाई विषयवस्तु, प्रस्तुति, संरचना र भाषाशैलीको आधारमा विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

राष्ट्रिय स्तरमा नेपाली लोकगीतको अध्ययन विश्लेषण गर्ने कार्य विभिन्न विद्वान्हरुबाट हुँदै आएको पाइन्छ । हाल नेपाली साहित्यको अध्ययन-अनुसन्धानको क्रममा निश्चित क्षेत्र र भाषाका लोकगीतहरुको अध्ययन, सङ्कलन र सम्पादन गर्ने प्रायासहरु भईरहेका छन् । तर हालसम्म महोत्तरी जिल्लाको विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा केन्द्रित भएर यहाँ, प्रचलित सबै प्रकारका लोकगीतहरुका बारेमा अध्ययन, अनुसन्धान गर्ने कार्य नभए तापनि राष्ट्रिय स्तर वा क्षेत्रीय स्तरमा भएका केही पूर्वकार्यहरु नै प्रस्तुत अध्ययन प्रतिवेदन निम्ति सान्दर्भिक रहेका छन् र तिनै पूर्वकार्यहरुबारे यहाँ क्रमशः चर्चा गरिएको छ:

काजीमान कन्दङ्वाले (२०२०) 'नेपाली जनसाहित्य' भन्ने पुस्तकमा लोकजीवनमा मौलाएर रहेको गीतलाई लोकगीतका रुपमा चिनाउनुका साथै नेपाली लोकगीतको सृजनस्थल नेपाली गाउँघर नै हो भनेका छन् ।[1] *(१. काजीमान कन्दङ्वा, (२०२० पृ. १३) नेपाली जनसाहित्य, ( काठमाडौंः रायल नेपाल एकेडेमी)* यसमा नेपालको पूर्वी भेगमा प्रचलित केही गीतहरु संकलित छन् तर महोत्तरी जिल्लाको विजलपुरा गा.वि.स. वार्ड नं २ चल्की टोलमा प्रचलित सबै प्रकारका गीतहरु भने समेटिन सकेको पाइदैन ।

धर्मराज थापाले (२०३२) 'मेरो नेपाल भ्रमण' भन्ने पुस्तकमा मोरङ जिल्ला सम्म पुगेर त्यहाँका झाँगड जातिको संस्कृतिमा लोकगीतको प्रचलन भएको बताएका छन् ।[२] *(धर्मराज थापा, (२०३२) मेरो नेपाली भ्रमण, दो.सं., (ललितपुर : साझा प्रकाशन)* तर उहाँ महोत्तरी तिर छिरेर नेपली भाषामा प्रचलित लोकगीतका बारेमा कुनै चर्चा गरेको पाइँदैन ।

कृष्णाराज कोइरालाले (२०४९) 'नेपाली लोकगीतसंग्रह' भन्ने पुस्तकमा विभिन्न क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरु र ती गीत गाइने स्थलको नामसमेत उल्लेख गरी प्रस्तुत गरेका छन् । *(कृष्णराज कोइराला, (२०४९), पृ. १-१४ ।) नेपाली लोकगीत संग्रह, (विराटनगरः कोइराला प्रकाशन)* यसमा महोत्तरी जिल्लाको( विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा प्रचलित केही गीतहरु समेटिएका भए पनि यहाँ प्रचलितसबै प्रकारका नेपाली लोकगीतहरुको वर्गीकरण र विश्लेषण गर्ने काम भने भएको पाइदैन ।

डा. शम्भु प्रसाद कोइरालाले (२०५५) 'लोकसाहित्यः सिद्धान्त र विश्लेषण' भन्ने पुस्तकमा लोकगीतको सैद्धान्तिक चर्चा गर्नुका साथै लोकगीतको वर्गीकरण गर्ने क्रममा महोत्तरीका केही लोकगीतहरु उदाहरणका रुपमा प्रस्तुत गरेका छन् । तर त्यसमा विजलपुरामा प्रचलित लोकगीतका

बारेमा छुट्टै चर्चा गरेको पाइँदैन । *(डा. शम्भुप्रसाद कोइराला, (२०५५), पृ. ३६-७६)* *लोकसाहित्य सिद्धान्त र विश्लेषण,* *(विराटनगर : धरणीधर पुरस्कार प्रतिष्ठान)*

नेपालको पूर्वी भेगमा लोकप्रिय रहेका सँगिनी, बालन, असारेजस्ता केही लोकगीतहरुको समान्य चर्चा पाइन्छ तर यी बाहेक कतिपय पूर्वाध्यनहरुमा यस जिल्लामै केन्द्रित भएर यहाँ प्रचलित, लोकगीतहरुको विस्तृत रुपमा अध्ययन भएको पाइँदैन । त्यसैले विजलपुरामा केन्द्रित भएर लोकगीतको संकलन, वर्गीकरण र विश्लेषण गरी तयार पारिएको प्रस्तुत अध्ययन प्रतिवेदन पहिलो प्रयास हो ।

## १७ अध्ययन प्रतिवेदनको औचित्य

लोकगीतमा लोकजीवनका विविध पक्ष सुख-दुख, आँसु-हाँसो, तीता-मीठा अनुभव, धर्म-संस्कृति जस्ता कुराहरु अभिव्यक्त भएका हुन्छन् । आजको पश्चिमी सभ्यता, संस्कृति र आधुनिक सञ्चार माध्यमको विकाससँग सँगै स्थानीय मूल्य र मान्यतालाई झल्काउने लोकगीतहरु ओझेलमा पर्दै गएका अवस्थामा लोकगीतको अध्ययन, अनुसन्धान र सम्वर्द्धन गरिनु अत्यन्त आवश्यक छ । यसै आवश्यकतालाई ध्यानमा राखी विजलपुरामा जनगलामा छरिएर रहेका लोकगीतहरुलाई प्रस्तुत अध्ययन प्रतिवेदनले संकलितगर्ने महत्वपूर्ण कार्य यस अध्ययन प्रतिवेदनमा सम्पनन गरिएको छ । ती लोकगीतहरुको वर्गीकरण र विश्लेषण समेत गरिएको प्रस्तुत अध्ययन प्रतिवेदनले लोकसाहित्यका अध्येता एवं लोक साहित्यप्रति रुची राख्नेहरुलाई आवश्या सामग्री उपलब्ध गारउनेछ साथै यसबाट नेपालका विभिन्न क्षेत्रका लोकगीतहरुको तुलनात्मक अध्ययन गर्न र नेपाली लोकगीतको अध्ययन-अध्यापन कार्यमा समेत केही सहायता मिल्ने हुनाले प्रस्तुत शोधपत्रको प्राज्ञिक औचित्य एवं महत्व छ ।

## १.८ अध्ययन प्रतिवेदनको सीमाङ्कन

नेपाली साहित्यका क्षेत्रमा नेपाली लोकगीतको क्षेत्र व्यापक भए तापनि यस अध्ययन प्रतिवेदनमा महोत्तरी जिल्ला अन्तर्गत विजलपुरामा नेपाली भाषामा प्रचलित लोकगीतहरु मात्र संकलन गरी तिनको वर्गीकरण गरिएको छ ।

## १.९ सामग्री संकलन र शोध विधि

प्रस्तुत अध्ययन प्रतिवेदन निम्ति सामग्री संकलन गर्दा क्षेत्रीय अनुसन्धान विधि र पुस्तकालयीय अध्ययन विधिको उपयोग गरिएको छ । सामग्री संकलनका क्रममा सम्वन्धित क्षेत्रमा नै गएर स्थानीय गायकहरुबाट गीतहरु रेकर्ड गर्ने र टिपोट गर्ने काम क्षेत्रीय अनुसन्धान विधि अन्तर्गत गरिएको छ भने संकलित गीतको वर्गीकरण र विश्लेषणको सैद्धान्तिक आधारका निम्ति पुस्तकालयीय अध्ययन विधिको उपयोग गरिएको छ । प्रस्तुत शोधलाई सत्यापनका लागि अंकको आधारमा पाठ टिप्पणी नदिएर सन्दर्भ कै शुरु वा अन्तमा प्रमाणित स्रोत खुलाउने पद्दति अपनाइएको छ ।

## १.१० अध्ययन प्रतिवेदनको रुपरेखा

अध्ययन प्रतिवेदनलाई व्यवस्थित र संगठित रुपमा प्रस्तुत गर्न यस अध्ययन प्रतिवेदनलाई ६ परिच्छेदमा विभाजन गरिएको छ र ती छ परिच्छेदलाई आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षकमा समेत विभाजन गरिएको छ । प्रस्तुत अध्ययन प्रतिवेदनको रुपरेखा यसप्रकार छ :-

पहिलो परिच्छेद :- अध्ययन प्रतिवेदनको शोध प्रस्ताव

दोस्रो परिच्छेद :- महोत्तरी जिल्लाको विजलपुरा गा.वि.स. को संक्षिप्त परिचय

तेस्रो परिच्छेद :- लोकगीतको सैद्धान्तिक परिचय

चौथो परिच्छेद :- महोत्तरी जिल्लाको विजलपुरा गा.वि.स. को प्रचलित नेपाली लोकगीतको संकलन

पाँचौ परिच्छेदः- महोत्तरी जिल्लाको विजलपुरा गा.वि.स. को प्रचलित नेपाली लोकगीतहरुको वर्गीकरण

छैटौं परिच्छेद :- उपंहार तथा निष्कर्ष

# दोस्रो परिच्छेद

## २.१ ऐतिहासिक पृष्टभूमि

विजलपुरा गा.वि.स. एक ऐतिहासिक स्थलको रुपमा रहेको छ । परापूर्वकालमाा यो स्थानमा राजा विजय सिंहको राज्य रहेको किम्बदती छ । झण्डै एक सय वर्ष अघि घनघोर जंगल रहेको यस स्थानमा खास गरी सिन्धुली जिल्लाका मानिसहरु आप्रवासको रुपमा आई जङ्गले फडान गरि वसोवास गरेका छन् । भारतमा इष्ट इण्डिया कम्पनी (अंग्रेजी) को शासनकालमा भारतको जयनगर हुँदै विजलपुरा सम्म रेल्वे सेवा संचालनमा रहेको र यो खास गरि यस क्षेत्रका काठहरु ओसार्ने काममा प्रयोग भएको थियो । यहाँका काठहरु भारतको रेल सेवाको स्लिपर ओछ्याउने काममा प्रयोग गरिन्थ्यो भन्ने कुरा थाहा पाउने बुढावुढीहरुको संख्या गा.वि.स. मा प्रशस्त छ । पछि आएर यो रेलसेवा यात्री ओसार्ने काममा प्रयोग हुन थाल्यो । विगत केहि वर्ष देखि यो रेलसेवा वन्द अवस्थामा छ ।

## २.२ भौगोलिक परिचय

जिल्ला सदरमुकाम जलेश्वर देखि २८ कि.मि. उत्तर र पूर्व पश्चिम राजमार्गको वर्दिवासबाट १३ कि.मि. दक्षिणमा पर्ने यो गा.वि.स. ले वर्दिवास जलेश्वर सडक खण्डलाई छोएको छ । गा.वि.स. को पूर्वमा रातो खोला पश्चिममा औरही गा.वि.स. उ त्तरमा हात्तीलेट र दक्षिणमा मेघनाथ गोरहन्ना गा.वि.स. पर्दछन् ।

## २.३ राजनीतिक/प्रशासनिक विभाजन

महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. मा जम्मा ९ वटा वार्ड रहेका छन् । ती मध्ये वार्ड नं. २ चल्की टोल पर्दछ । पूर्व तर्फ चल्की टोल बजार जुन हप्ताको सोमबार र विहिवार बजार लाग्ने गर्दछ भने पश्चिम तर्फ केही वस्तिहरु रहेका छन् । यहाँ विभिन्न राजनैतिकदलहरुले आफ्नो वर्चस्व कायम राख्न चाहेता पनि ने.का., एमाले, माओवादी आदिका विभिन्न भातृ तथा भगिनी संगठनहरु महिला सशक्तिकरण समुह, आमासमुह आदि सक्रिय रहेका देखिन्छन् । यस्तै जेसिज, वनसमुदाय मानव अधिकारकर्मी नागरिक समाजका अगुवाहरुले पनि अंहम भूमिका खेलेको पाईन्छ ।

## २.४ नदीनाला

महोत्तरी जिल्ला अनतर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा खासै नदीनाला नभएता पनि एक मात्र स्याउत्ति खोला जुन प्रसिद्ध छ । यस खोलाको पानीले विजलपुरा, लगायत अमाहा, मौलिया आदि गा.वि.स. का विभिन्न भूभाग सिञ्चित गरेको पाईन्छ । यस खोलामा विभिन्न जात जातिका मानिसहरुको मृत्यु हुँदा आ आफनो संस्कृति अनुसार संसकार गर्ने प्रचलन रहेको पाईन्छ ।

## २.५ प्रमुख स्थलहरु

**क) चारकोषे झाडी :**

नेपालको चारकोषे झाडी मध्ये केही भूभाग यस गा.वि.स. वार्ड नं. २ चल्की टोलमा पर्दछ । यस झाडीबाट यस भेगका मानिसहरुले दाउरा, घाँस, काठ, आदिको प्रयोग गर्नुका साथै अवैध रुपमा काठ, दाउराको चोरी निकासी गरी रोजीरोटी देखि लिएर तस्करी गरी अर्थोपार्जन समेत गर्न पछि नपरेको देखिन्छ । यसका साथै विभिन्न सुकुमवासी र हुकुमवासीका नाममा जङ्गल अतिक्रमण गर्ने समूह पनि केही वर्ष यता तीव्रगतिमा बढेको देखिन्छ । यसको रोकथामको लागि समूह गठन गरी चल्की टोल सामुदायिक वन विकास नामक समुहले गष्ति गर्दै आएको पाईन्छ ।

**ख) नेपाल रेडक्रस सोसाइटी**

नेपाल रेडक्रस संस्था उपशाखा कार्यालय विजलपुरा यस कार्यालयले गा.वि.स. का वासिन्दाहरुलाई प्राथमिक उपचार सेवा प्रदान गर्ने गरेको छ । यस बाहेक अन्य सामुदायिक क्रियाकलापहरु पनि संचालनमा छ ।

**ग) पोखरी :**

राजा विजय सिंहको दरवार भएको मानिने यस ठाउँमा हाल पोखरीमा पानी छैन । चारैतिर बाट स साना डाँडाहरुले यो पोखरी घेरिएको छ । डाडाँमा झरानावशेषहरु अझै भेटिन्छन ।

**घ) महादेव मन्दिर :**

यो हिन्दुहरुको आस्थाको मन्दिरको रुपमा रहेको छ । विभिन्न चाडपर्वमा मानिसहरु यस मन्दिरमा जाने र पुजाआजा गर्ने गर्छन ।

## २.६ शैक्षिक स्थिति

शिक्षाको विकासको हिसाबमा महोत्तरी जिल्ला त्यति अगाडी रहेको देखिदैन तर पनि विजलपुरा गा.वि.स. को शैक्षिक स्थिति राम्रो रहेको छ । गा.वि.स. को वडा नं. ८ मा एक उच्च मा.वि. (श्री जनता उच्च मा.वि.) रहेको छ भने वडा नं. ३ मा विजय सिंह प्रा.वि. रहेको छ । यस अध्ययनको क्षेत्र रहेको विजलपुरा वडा नं. २ मा श्री नेपाल राष्ट्र नारायणी नि.मा.वि. रहेको छ जुन निकट भविष्यमा नै माध्यमिक विद्यायमा परिणत हुने तरखरमा छ । यस बाहेक गा.वि.स. मा निजी क्षेत्रका २ वटा विद्यालयहरु पनि संचालनमा छन् ।

## २.७ सामाजिक जनजीवन

विविध जातिको बसोवास भएको यस गा.वि.स. का वाहुल्यता भने मगर जातिको छ र व्राम्हण (वाहुन) जातिको छ त्यस पछि कोइरी जातिको छ । गा.वि.स. को वडा नं. २ मा ब्राम्हण, क्षेत्री, मगर, दनुवार, कामी, मुसहर, थारु र मुसलमान जातिहरुको वसोवास रहेको छ । त्यस पछि दोश्रो वाहुल्यता कोइली जातीको छ । गा.वि.स. को वडा नं. २ मा ब्राम्हण, क्षेत्री, मगर, दनुवार, कामी, मुसहर र मूसलमान जातिहरुको वसोवास रहेको छ ।

## २.८ साहित्य गतिविधि

विजलपुरा गा.वि.स. वडा नं. २ मा साहित्यि गतिविधि एवं सिर्जना खासै भएको पाइदैन् । तर जिल्लाको सदरमुकाम जलेश्वरमा भने साहित्यिक गतिविधि वेलावेलामा भएको पाइन्छ । खासगरि सदरमुकाम र सोको छेउछाउ गा.वि.स. हरुमा मैथली भाषा भाषीहरुको वाहूलयता रहेको र उच्च शिक्षा अध्ययनका लागी कलेजहरु र सदुरमुकाममा ग्रामीण भेकको तुलनामा शिक्षीत व्यक्तिहरुको वाहुल्यता भएको छापाखाना एवं प्रकाशन संस्था समेत भएकोले फाटफुट कथा कविताहरु प्रकाशित भएपनि उत्कृष्ट साहित्यिक गतिविधि भएको पाइदैन । सदर मुकाममा मैथिली कविताहरुको प्रतियोगिता वेला वेलामा आयेजाना हुने, मैथिली कवि विद्यापति जन्म जयन्ती मनाउने, जस्ता कार्यक्रम आयोजना हुने गरेको पाईन्छ । त्यस्तै स्कूल क्याम्पसहरुमा देवकोटा, भानुभक्त आचार्यको जन्म जयन्तीमा कविताहरु वाचन गर्ने र कविता प्रतियोगिता आयोजना हुने गरेको पाईन्छ । साहित्यका अन्य विद्याहरुमा खासै कलम चलाएको पाइदैन ।

## २.९ निष्कर्ष

देशलाई १४ अंचल र ७५ जिल्लाहरुमा विमल गर्नु अघि देशभरि जम्मा ३५ जिल्ला भाग थियो जसमा महोत्तरी जिल्ला पनि अस्तित्वमा थियो । समथर भू-भाग भएको र सिचाईको पनि राम्रो प्रवन्ध भएको कारण कृषि पेशा निकै फष्टाएको र जनघनत्व पनि यस जिल्लाको वाक्लो रहेको छ । अन्नवालीमा धान र गहुँ प्रमूख वालीको रुपमा रहेका छन् भने नगदेवालीमा उखू र तरकारी रहेका छन् । विजलपुरा गा.वि.स. मा अन्न वाली र नगदेवालीको खेति हाराहारीमा हुने भएकोले यहाँका वासिन्दाहरु सम्पन्न छन् । एउटै मालामा विभिन्न फूलहरु उनिए झैं गा.वि.स. विभिन्न जातजातिहरुका मानिसहरु एकाआपसमा मिलेर वसेका छन् । उनीहरुको आ-आफ्नो रहनसहन, भेषभूषा र जीवन शैली रहेको छ । साहित्यिक गतिविधि खासै भएको नपाइए पनि चाडपर्व, विहे, एवं जात्रामा आफ्ना सांस्कृति एवं रितिरिवाज अनुसार विभिन्न किसिमका गीतहरु गाउने चलनले गर्दा थोरै मात्रामा भए पनि साहित्यिक गतिविधि भएको मान्न सकिन्छ ।

# तेस्रो परिच्छेद

## लोकगीतको सैद्धान्तिक परिचय

### ३.१ लोकगीतको परिचय

'साहित्य' शब्द 'लोक' पूर्वपद मिलेर 'लोकसाहित्य' शब्द बनेको हो । 'लोक' शब्दको प्रयोग वैदिक कालदेखि नै हुँदै आएको पाईन्छ । वैदिक कालमा 'लोक' भनेर दिव्य र पार्थिव दुवैलाई लिइएको बुझिन्छ । *(धर्मराज थापा, (२०३०), पृ. १३ ।)* *गण्डकीका सुसेली, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान)* 'लोक' शब्द संस्कृतिको 'लोकेदर्शने' धातुमा 'घञ्' (अ) प्रत्यय लागेर बनेको हो । सामान्यत : लोकसाहित्यमा 'लोक' शब्दले जन वा संसार भन्ने अर्थ ग्रहण गर्दछ । शब्दकोषमा 'लोक' शबदका विभिन्न अर्थ लगाइएका छन्, जस्तै : सामाज, जनता, जगत, दुनियाँ, प्राणी आदि । *(वसन्त कुमार शर्म्मा (२०५८), पृ. ११७४ ।) 'नेपाली', नेपाली शब्दसागर, दो.सं., ( काठमाडौं भाभा पुस्तक भण्डार)* हिन्दी साहित्कोश अनुसार 'लोक' भनेको मानव समाजको त्यो वर्ग हो, जो आभिजात्य संस्कार, शास्त्रीय, पाण्डित्यको चेतना र पाण्डित्यको अहङ्कारले शून्य हुन्छ र जो एक परम्पारको प्रवाहमा जीवित रहिरहन्छ । *(धीरेन्द्र वर्मा र अन्य (सम्पा.) हिन्दी साहित्यकोश, (२०१६), पृ. ६८५-८६ ।) (बनारसः ज्ञानमण्डल मिटिड)* त्यस्तै 'साहित्य' शब्द 'सहित' मा 'ष्यञ्' (य) प्रत्यय लागर बनेको छ, जसको तात्पर्य शब्द र अर्थको यथावत् सहभाव वा जनतका कल्याणका भावनाले प्रयुक्त शिष्ट अभिव्यक्ति भन्ने हुन्छ । यसलाई ग्राम्यसात्यि, जनसाहित्य, अशिष्टसाहित्य पनि भन्ने गरेको पाईन्छ ।

आधुनिक सभ्यताको प्रभवबाट टाढा रहने लोकसाहित्यमा आदिमा मानवका सांस्कृतिक अवशेषसमेत प्राप्त गर्न सकिन्छ । लोकसाहित्यले लोकसंस्कृतिको वाहकको समेत काम गर्दै आएको छ । कुनै पनि जातिको लोकसाहित्यको विस्तृत रुपमा अध्ययन गरेपछि त्यस जातिको सभ्यता र संस्कृतिको परिचय पाउन सकिन्छ । समाजको सामुहिक सृजनाका रुपमा रहने लोकसाहित्यमा जनमानसको सहज तथा स्वस्फूर्त अभिव्यक्ति प्रकट भएको हुन्छ । लोकसाहित्य कुनै व्यक्तिविशेषले रचना गरे तापनि त्यो रचना उसको वैयक्तिक सृजना नभई समग्र लोकके साझा हुन्छ । त्यसैले लोकसाहित्यमा रचयिताको त्यति महत्व रहँदैन । यसमा जनमानसका हर्ष-बिस्मात, सुखःदुखका भावना सहज र स्वभाविक रुपमा व्यक्त भएका हुन्छन् । लोकसाहित्यमा पाइने यस्तै आफनोपन र मौलिकताले गर्दा नै यसलाई लोकजगत्मा युगौंदेखि हुर्काउँदै ल्याइएको छ र कालान्तरसम्म यसको अक्षुण्ण रहरहने देखिन्छ । *(कृष्णप्रसाद पराजुली, (२०५७), पृ. ३० ।) नेपाली लोकगीतको आलोक, ( काठमाडौं : वीणा प्रकाशन)*

लोकजीवनका छायाँमा अङ्कुरित हुने हुँदा लोकसाहित्यले लोकजविनको क्षेत्रविशेषको संस्कृति, मनोविज्ञान, चेतनाको स्तर, रहन-सहन, चिन्तन-प्रक्रिया आदिको ज्ञान गराउँछ ।[२१] *( कृष्णप्रसाद घिमिरे, (२०५४), पृ. ८७ ।) "लोकगीतको परिभाषा र वर्गीकरण", कुञ्जिनी, (साहित्य समालोचना विशेषाङ्क, वर्ष ५, अङ्क ३)* लोकमानसको सामुहिक भावभूमिलाई अभिव्यक्ति दिने लोकसाहित्यमा राष्ट्रियता समेत प्रतिविम्बित भएको हुन्छ । एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै मौखिक रुपमै जीवित रहि आएको लोकसाहित्य निरन्तर गतिशिल हुन्छ । समग्रमा भन्नुपर्दा जीवनको बहुमुखी सेरोफेरोको तीव्रतर अभिव्यक्ति नै लोकसाहित्य हो । *(वासुदेव त्रिपाठी, (२०३२) सिंहावलोकन, (पृ. ३ ।) दो.सं., (काठमाडौं : साझा प्रकाशन)* यसलाई लिखित वा शिष्ट साहित्यको पनि आधारशिल मानिन्छ ।

## ३.२ लोकगीतको परिभाषा

लोकगीत लोकसाहित्यका विधि विधा (लोकगीत, लोककथा, लोकगाथा, लोकनाट्य, लोकोक्ति) मध्येको प्रमुख विधा हो । यो लोकको सबैभन्दा प्रचलित र लोकप्रिय विधाका रुपमा रहेको छ । मानव समाजको विकाससँग सँगै प्रारम्भ भएर हालसम्म लोकप्रिय र व्यापक रुपमा फैलिएको लोकगतिमा लोकजीवनका दुःख-सुख, आँसु-हाँसो, तीता-मीठा अनुभव, धर्म, संस्कृति जस्ता कुरा प्रकट भएका हुन्छन् । लोकमा परम्परा देखि मौखिक रुपमा एक पुस्ताबाट अर्को पुस्ता, एक गलाबाट अर्को गलामा सर्दै, जीवित रहँदै आएका लोकगीतहरु समग्र लोककै साझा सम्पतिका रुपमा रहेका हुन्छन् ।

लोकगीतलाई विभिन्न विद्वान्, लोकसहित्यका अध्येताहरुका साथै विभिन्न कोशहरुमा पनि परिभाषित गर्ने प्रयास गरिएको छ । यसैक्रममा 'हिन्दी साहित्यकोश' मा लोकगीतका तीन अर्थ लगाईएका छन् - १) लोकमा प्रचलित गति, २) लोक निर्मित गीत ३) लोकविषयक गीत । *(धीरेन्द्र वर्मा, र अन्य (सम्पा.) पूर्ववत्, पृ. ७५० ।)*

'नेपाली बृहत् शब्कोष' मा लोकगीतलाई समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत हो भनी अर्थ्याइएको पाईन्छ । *(बालकृष्ण पोखरेल र अन्य (सम्पा.), (२०४०), पृ. ११८८ ।) नेपाली बृहत् शब्दकोष,(काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान) ।*

लोकसाहित्यका अध्येता सत्यमोहन जोशीले लोकगीतको परिभाषा गर्दै भनेका छन् - 'लोकगीत भनेको त्यो संङ्तीत वा गीत हो जुन कि मानव समाजमा मातृभाषाको नाताले मानिसहरुमा दया, माया, प्रेमभाव अभिव्यक्त हुने बेलामा स्वयमेव उद्‌गारको रुपमा लयदार तरगंमा

काव्यमय शैली झैँ निस्किन्छन् ।' *(सत्य मोहन जोशी, ( २०1३), पृ. १४५ ।) 'लोकगीतको झलक,'* *प्रगति,* *(वर्ष ३, अङ्क २, पूर्णाङ्क १४) ।*

लक्ष्मण लोकनीका अनुसार लोकगीत भनेको हरेक समाजको दुःखसुखको अनुभूतिले भरिउको एक मौखिक इतिहास हो । *(लक्ष्मण लोहनी, (२०२२) पृ. १ ।) रोदीघर, दोस.:, (काठमाडौं : रत्नपुस्तक भण्डार, दो.सं.) ।*

लोकसाहित्यका अध्येता कालीभक्त पन्तका अनुसार लोकगीत भनेका जीवनगीतका आदिम स्रोत हुन् । *(कालीभक्त पन्त, (२०२८), पृ. २८ ।) हाम्रो सांस्कृतिक इतिहास, (स्याङ्जा : लेखक स्वयम्) ।*

*नेपाली लोकगीतका अध्येता र सङ्कलनकर्ता धर्मराज थापाले लोक अनुभूति नै लोकगीत हो जसले हृदयका उद्‌गारहरुलाई स्पष्ट र यथार्थ रुपमा प्रस्तुत गर्दछ भनेका छन् ।*

प्राध्यापक ठाकुरप्रसाद पराजुलीले लोकगीतलाई चिनाउने क्रममा "काव्य सुलभ अभिव्यक्ति, हृदयग्राही भाव, हृदयावर्जक शैली र कोमल पदरचनाले गर्दालोककाव्यको प्रतिष्ठित आसन लोकगीतले पाएका छन्" भनेका छन् । *(ठाकुरप्रसाद पराजुली, (२०४५), पृ. ८६ ।) नेपाली साहित्यको परिक्रमा, (काठमाडौं : विद्या प्रकाशन)*

कृष्णप्रसाद पराजुलीले "लोकगीत भनेको नदीको प्रवाहजस्तै हुन्छ, जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निसक्न्छ तर यसले ग्रामीण समाजलाई मात्र प्रभावित नगरी समग्रं मानव समाजलाई नै शीतलता दिने काम गरिरहन्छ" भनेका छन् । *(कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. ४३ ।)*

यसरी विभिन्न विद्वान् तथा लोकसाहित्यका अध्येताहरुले आ-आफ्नो किसिमले लोकगीतलाई परिभाषित गरेको पाईन्छ ।यी परिभाषाहरुका आधारमा निष्कर्षमा के भन्न सकिन्छ भने लाकेगति भनेको मन सम्भयताको सुरुवातदेखि नै मौखिक परम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्ता पुस्ता एक व्यक्तिबाट अर्को व्यक्तिमा हस्तान्तरित हुँदै आएको, आधुनिक सभ्यता र संस्कृतिबाट टाढै रहेको सरल, सहज, सुमधुर र स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा सामान्य अशिषित ग्रामीण जनताका आडम्बरविहीन अभिव्यक्ति प्रस्फुटित भएका हुन्छन् । यसले मानवजीवनका सुखःदुख हर्षपीडा, आँसु-हाँसो, मिलन-बिछोडजस्ता विविध अनुभूतिहरुलाई सहज र हृदयग्राहि रुपमा प्रकट गर्न मद्दत गर्दछ । स्वतन्त्र रुपमा लोकजीवनका तीता-मीठा अनुभव लोकगीतमा समेटिएका हुन्छन् । यिनै विविध कारणले गर्दा लोकगीत लोकसाहित्यको मात्र नभई समग्री साहित्यकै आधारशिल बन्न पुगेको हो ।

## ३.३ लोकगीतको वर्गीकरण

लोकगीत निरनतर गतिशिल विधा हो । यसलाई स्वदेशी तथा विदेशी विद्वानहरुले विभिन्न आधारमा वर्गीकरण गरेका छन् । यस सन्दर्भमा लोकसाहित्यका अध्येता कालीभक्त पन्तले लोकगीतका ९ प्रकारका देखाएका छन् । *(कालीभक्त पनत, पूर्ववत्, पृ. १४८- १५० ।)*

(१) राष्ट्रिय गीत

(२) जिल्ला स्तरीय गीत - जुम्ली, जनकपुरे

(३) ग्रामस्तरीय गीत - बलाम्पुरे, मिक्लुङ्गे, मुगाली

(४) जातिस्तरीय गीत - बाहुनगीत : भजन चुट्का र रोइला, कुमालगीत

(५) भाषास्तरीय गीत - नेवार, तामाङ, सेर्वागीत

(६) कार्यस्तरीय गीत - असारे, दाइँ

(७) लोकनाट्यस्तरीय गीत - बालन, कौरा, घाटु, सोरठी

(८) पर्वस्तरीय गीत - मालश्री, भैलो, तीजे, महाल, रतेली

(९) ऋतुस्तरीय गीत - फगुवा, वासन्ती

टेकबहादुर खत्रीले नेपाली लोकगीतलाई निम्नलिखित सात वर्गमा विभक्त गरेका छन् : *(टेकबहादुर खत्री, "लोकसाहित्य : लोक संस्कृतिको आधार", (२०३२), पृ. १७ ।) नेपाली लोकसंस्कृति संगोष्ठी, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान)*

(१) वीररस र करुणारसका - लोकगीत कर्खा

(२) घटनाप्रधान लोकगीत, सिलोक - सवाई

(३) चाडपर्वका लोकगीत - भेलो, देउसी

(४) विवाहपर्वमा गाइने लोकगीत - खाँडो, रत्यौली

(५) नृत्यगीतहरु - देउडा, घाटु

(६) भवनका रुपमा गाइने लोकगीत - बालन, सँगिनी

(७) दोहोरी लोकगीत - घाँसीगीत, असारे गीत

दयाराम श्रेष्ठले लोकगीतको वर्गीकरण यसरी गरेका छन् : *(दयाराम श्रेष्ठ 'सम्भव', (२०३८), पृ. १५ ।) प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परमपरा, (काठमाडौं : त्रि.वि. पा.वि.के.)*

(१) संस्कार सम्वन्धी लोकगीत

(२) ऋतुकालीन लोकगीत

(३) क्रियासम्वन्धी लोकगीत

(४)  विविध

धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीतलाई सात वर्गमा विभक्त गरेका छन् : *(धर्मराज थापा र हंसपुरे सुवेदी, (२०४१), पृ. ८२ ।) नेपाली लोकसाहित्यको विवेचना (काठमाडौं : त्रि.वि. पा.वि.के)*

(१)  सामान्य गीत

(२)  संस्कार गीत

(३)  ऋतु वा व्रतसम्वन्धीत गीत

(४)  कर्मगीत

(५)  पर्वगीत

(६)  लोकनृत्य गीत

(७)  विविध

नेपाली लोकसाहित्यका अध्येता सत्यमोहन जोशीले नेपाली लोकगीतका आठ प्रकार देखाएका छन् : *(सत्यमोहन जोशी, (२०४१, पृ. १४५ ।) हाम्रो लोकसंस्कृति, (काठमाडौं : रत्नपुस्तक भण्डार)*

(१)  भजनका रुपमा गाइने लोकगीत-चुड्का, बालन ।

(२)  नृत्यसँग गाँसिएका लोकगीत - सोरठी, मारुनी, घाटु

(३)  प्रेममय जीवनसँग समन्वय भएका लोकगीत - सोरठी

(४)  चाडबाडसँग समन्वय भएका लोकगीत-सँगिनी, देउसुरे

(५)  सामयिक लोकगीत - मालश्री, दायँगीत

(६)  युद्धक्षेत्रमा प्राणसञ्चार गर्ने लोकगीत-कर्खा

(७)  कथा गाँसिएका लोकगीत-चरित्र

(८)  उत्सवमा भिकिने गीत-चरित्र, रत्यौली

भारतीय लोकसाहित्यका अध्येता कृष्णदेव उपाध्यायले लोकगीतको वर्गीकरण यसरी गरेका छन्: *(कृष्णदेव उपाध्याय, (१९९८), पृ. ६२-६३ ।) लोकसाहित्यकी भूमिका, सा.सं., (प्रयोग : साहित्य भवन लिमिटेड)*

त्यस्तै शम्भुप्रसाद कोइरालाले लोकगीतलाई आठ प्रकारमा वर्गीकरण गरी त्यसको उदाहरणसहित चर्चागरेका छन्:

(१)  बाह्रमासे गीत

(२)  ऋतुसम्वन्धी गीत

(३) व्रतसम्वन्धी गीत

(४) संस्कार गीत

(५) नृत्यगीत

(६) श्रमसम्वन्धी गीत

(७) पर्वगीत

(८) विविध

यसरी अनेक स्वदेशी तथा विदेशी लोकसाहित्यविद्हरुले विभिन्न आधारमा लाकेगीतको वर्गीकरण गर्ने प्रयास गरेका छन् । लोकगीतको वर्ण्य विषय अत्यन्तै व्यापक र विस्तृत हुन्छ । यस कारण यसको सवृसम्मत र सर्वमान्य वर्गीकरण गर्नु अत्यन्त कठिन कार्य मानिन्छ । त्यसैले उपर्युक्त वर्गीकरणहरु मध्ये कुनै एउटालाई सर्वसम्मत मान्न सकिन्न । लोकगति निरन्तर गतिशील विधि हो । यति हुँदा हुँदै पनि विभिन्न विद्वानहरुले गरेको लोकगीतका उपर्युक्त वर्गीकरणलाई आधार बनाएर निम्नानुसार लोकगीतको वर्गीकरण गर्न सकिन्छ :-

(१) बाह्रमासे लोकगीत - एकोहोरी गीत, दोहोरी गीत, बालन, सँगिनी, भजन बालगीत ।

(२) कर्मगीत - असारे गीत, दाइँ गीत ।

(३) पर्वगीत - देउसी, भैलो, तीजे आदि ।

(४) संस्कारगीत - रत्यौली, सिलोक, खाँडो ।

## ३.४ लोकगीतको विशेषता

लोकगीत लोकसाहित्यको अत्यन्त लोकप्रिय विधा हो । यसमा जनमानसका सुख-दुख, आँसु-हाँसो, हर्ष-पीडा, मिलन-बिछोड, आशा-निराशाका साथै लोकका चालचलन, विधि-व्यवहार, आस्था र मान्यताहरुको समेत चित्रण भएको हुन्छ । मानव समाजको विकाससँग सँगै अस्तित्वमा आई एक गलाबाट अर्को गला, एक पुस्तकबाट अर्को पुस्तकमा, एक स्थानबाट अर्को स्थानमा सर्दै जाने क्रममा लोकगीतमा अनेक परिवर्तन हुँदै आएको पाइन्छ । यसरी प्राचीन समयदेखि अर्थात मानव समाजको विकासँग सँगै प्रारम्भ भई हालसम्म पनि विस्तृत परिवेश ओगट्न सफल लोकगीतका प्रकृति र विशेषता विविध हुन सक्छन् । यहाँ लोकगीत विधाका त्यस्ता प्रकृति र विशेषताहरुको पहिचान गरी उल्लेख गर्नु वाञ्छनीय देखिन्छ ।

लोकगीतका अध्येताहरुले लोकगीतका विशेषताहरु पनि औँल्याएका छन् । यसै क्रममा नेपाली साहित्यका अध्येता धर्मराज थापाले लोकगीतका सात प्रकारका विशेषता देखाएका छन् ।[३८] *( धर्मराज थापा, (पूर्ववत्, पृ. १० ।) गण्डकीका सुसेली,)* जस्तै :

(१) भनाइमा तीव्रता हुनु

(२) प्रवाहमय गेयात्मकता हुनु

(३) सरलता र सहजतासँग मितेरी लाएको हुनु

(४) स्वाभाविकताले भरपुर हुनु

(५) प्रकृतिसँग तादात्म्य भई हार्दिक अभिव्यक्ति पोख्नु

(६) हृदयबाट उद्‌गारित भई उत्तराधिकारी (लय-भाका) सिर्जना गरी बिस्तारै पुरानो बन्नु

(७) समसामयिक वातावरण वा स्थानीय परिचयका साथै अलापिएको हुनु ।

लोकगीतका यी विशेषताहरु सङ्केतका रुपमा मात्र आएका छन् । यी विशेषताका बारेमा विस्तृत व्याख्या र विवेचना गरिएको छैन । जनमानसमा लोकप्रिय रहको लोकगीतका विशेषता औँल्याउने क्रममा शम्भुप्रसाद कोइरालाले नेपाली लोकगीतका निम्नलिखित विशेषता देखाई तिनको संक्षिप्त व्याख्या पनि गरेका छन् : *(शम्भुप्रसाद कोइराला, पूर्ववत्, पृ. ३६ ।)*

(१) श्रृतिस्मृतिपरम्परा

(२) लयात्मक तीव्रता

(३) स्वतः स्फूत प्राकृत अभिव्यक्ति

(४) स्थान र सामयिकताको प्रभाव

(५) सरल एवं स्वाभाविक गेयता

(६) प्रभावपूर्ण स्थूल चित्रण

त्यस्तै लोकसाहित्यका अध्येता कृष्णप्रसाद पुराजुलीले नेपाली लोकगीतका सात प्रकारका विशेषता देखाएका छन् र तिनको चर्चा समेत गरेका छन् : *(कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १३८-१४० ।)*

(१) अज्ञात रचयिता

(२) सामुहिक भावभूमि

(३) सहजता र स्वाभाविकता

(४) मौखिक परम्परा

(५)	मौलिकता र सरलता

(६)	कथन विविधता

(७)	स्वच्छन्दता

यसरी विभिन्न अध्येताहरुले विभिन्न किसिमले लोकगीतका विशेषताहरु औँल्याएका छन् । सहज, सृजनशील र निरन्तर गतिशिल लोकगीतका प्रमुख विशेषता सरलता, सहजता, स्वाभाविकता, स्वच्छदाता, साङ्गीतिकता आदि मानिन्छन् ।

लोकगीत लोकको उकाली-ओराली, घाँस-दाउरा, मेला-पात, लेक-बेसी गर्दा समय कटाउने रमाइलो साथी हो । हाम्रा गाउँघरमा केटाकेटी, युवायुवती, बूढाबूढी सबैका कण्ठ-कण्ठबाट लोकगीतका भाका गुन्जने गर्दछन् । ग्रामीण बासिन्दाहरु काम गर्दा थकान मेट्न र मनोरञ्जन प्राप्त गर्न लोकगीत गाउने गर्दछन् । त्यस्ता गीतमा उनीहरुका आफ्ना मनका तीता-मीठा भावनाहरु व्यक्त भएका हुन्छन् । यस्ता लोकगीत गाउँदा लोकमानसमा व्यक्तिगत अनुभूतिका साथै समाजको चित्रण, समाजमा हुने विविध व्यवहारको वयान समेत गरिएको हुन्छ ।

लोकगीत लोकको साझा सम्पति हो । सुरुमा कुनै एक व्यक्तिले मात्र गाए तापनि लोकगीत उसको निजी हुँदैन । त्यसलाई लोकले सहज रुपमा अपनाउँछ र त्यो समग्र लोककै साझा सम्पति बन्न पुग्दछ । यसरी लोकगीतका अनेक विशेषताहरु छन् तापनि समग्रीमा लोकगीतका विशेषताहरुलाई बुँदागत रुपमा यसरी प्रस्तुत गर्न सकिन्छ :-

(१)	अज्ञात रचनाकार

(२)	मौलिकता र स्वतःस्फूर्तता

(३)	सरलतार सहजता

(४)	श्रृतिस्मृति परम्परामा जीवित

(५)	पुनरावृति र थेगोको प्रयोग

(६)	स्थानीय भाषिकाको प्रभाव

## ३.५ निष्कर्ष

महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा प्रचलित लोकगीतको सैद्धानितक परिचयमा विभिन्न विद्वान्हरुका परिभाषाहरु प्रसस्तै मात्रामा प्रयोग भएका छन् । यसको परिभाषा दिने क्रममा पनि  यथा सम्भव विद्वान्हरुको सहयोग लिने प्रयास गरिएको छ र ती विद्वान्हरुका कृति प्रकाशन वर्ष स्थान समेत समावेस गर्ने प्रयास भएको छ । वर्गीकरण गर्ने क्रममा यथाशक्य सम्पूर्ण विद्वान्हरुको वर्गीकरण समावेश गर्ने जमर्को गरिएको छ ।

लोकगीत लोकको उकाली-ओराली, घाँस-दाउरा, भेला-पत, लेक-बेसी गर्दा समय कटाउने रमाइलो साथी भएकाले हाम्रा नाउँघरमा केटाकेटी, युवायुवती, बुढाबुढी सवैका कण्ठ-कण्ठबाट लोकगीतका भाका गुञ्जने गर्दछन् ग्रामीण वासिन्दाहरु काम गर्दा थकान मेट्न र मनोरञ्जन प्राप्त गर्न लोकगीत गाउने गर्दछन् । त्यस्ता गीतमा उनीहरुका आफ्ना मनका तीता-मीठा भावनाहरु व्यक्त भएका छन् । यस्ता लोकगीत गाउँदा लोकमानसमा व्यक्तिगत अनुभूतिका साथै समाजको चित्रण, समाजमा हुने विविध व्यवहारको वयान समेत गरिएको छ ।

# चौथो परिच्छेद

# महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा प्रचलित लोकगीतहरुको संकलन

## पृष्ठभूमि

नेपालको पूर्वाञ्चलमा अवस्थित महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोल सांस्कृतिक विविधता भएको गाउँ हो । यहाँ विविध जातजातिका मानिसहरुको वसोवास रहेको छ । यहाँका मानिसहरुको आ-आफ्नै किसिमको संस्कृति, रीतिरिवाज र जीवनशैली छ । यस जिल्लाको दक्षिणतर्फ समथर मैदानी भू-भाग छ र यातायात लगायत अन्य भौतिक सुविधाले सम्पन्न भएका कारण यहाँको जनजीवन क्रमशः आधुनिकतातर्फ ढल्किँदै गएको छ । तर पनि परम्परागत लोकसंस्कृति जीवन्त रहेको छ । विशेषतः यस क्षेत्रमा मनाइने उत्सव, संस्कार पर्वका साथै घाँस-दाउर, मेला-पात, ढिकी-जाँतोजस्ता काम गर्द समेत विभिन्न खालक लोकगीतहरु गाउने चलन छ । यस अध्ययन प्रतिवेदनको मुख्य क्षेत्र पनि महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोल हो र यस क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरुको संकलन यस परिच्छेदमा क्रमशः प्रस्तुत गरिएको छ ।

### ४.१ संस्कारगीत

**क) मृतात्माके मोक्षका लागि गरिने प्रार्थना**

अनाधिनि र्धनोदेव शङ्ख चक्र गदाधर :
अक्षयाँ पुडरी काक्ष प्रेतमोक्ष प्रेदामव :

स्रोत : नेवार माईला, वर्ष ५५ पठित
विजलपुरा २, चल्की मिति : २०६७।९।६

**ख) रत्यौली गीत**

**बाटोमाथि बाटोमुनि**

बाटोमाथि बाटोमुनि घैया गोडेकीलाई
नचलाउनू नबोलाउनू पोइले छोडेकालाई
धनकुटाका डाँडैडाँडा ढल्क्यो तीतेपाती
राम्रा-राम्रा तरुनीका पोइ मरेके जाती

धनकुटाका डाँडामाथि धानकुटेका ढुटो
नखाऊँ भने करै लाग्छ राले पोइको जुठो

स्रोत : सुलाचना वराल, वर्ष ५५ अपठित
विजलपुरा २, चल्की मिति : २०६७।९।२

**खोजी खोजी ले लाटा**

खोजी खोजी ले *(ल्याउनु ।)* लाटा खोजी खोजी ले
बेहुलाकी आमालाई खोजी खोजी ले
खोजी खोजीले लाटा खोजी खोजी ले
बेहुलाकी भाउजूलाई खोजी खोजी ले
खोजी खोजी ले लाटा खोजी खोजी ले
बेहुलाकी दिदीलाई खोजी खोजी ले
खोजी खोजी ले लाटा खोजी खोजी ले
बेहुलाकी बुयनीलाई समातेर ले
खोजी खोजी ले लाटा खोजी खोजी ले
बेहुलाका अफन्तलाई रोजी रोजी ले
काा हो लाटो तेरो घर सिस्ने ओडार
आज लाटो भाकै छ ढिडो ओडाल

स्रोत : इन्दु वराल अपठित पूर्ववत
मिति २०६७।९।२

(ग) **सिलोक (विवाहमा गाइने)**

घ. कहाँबाट आएउ जनती मनती कहाँसम्मको दाउ
धरती तमरे भान्जेबुहारी केमा टेकी आएउ पाउ

ज. घरबाट आयौँ जनती मनती यहीँसम्मको दाउ
धरती हामरे भान्जे बुहारी 'विष्णु विष्णु' भनी टेकी आयौँ पाउ

घ. कहाँबाट आएउ जनती मनती कहाँ बस्छौ बास
अघि खाका फुरौला घाँटीमा अड्के कहाँबाट फेर्छौ सास

ज.	घरबाट आयौँ जनती मनती यहाँ बस्छौँ बास
	अघि खाका फुरौला घाँटीमा अड्के नामबाट फर्छौं सास

घ.	कति बाटेउ नाम्लादाम्ला, कति बाटेउ कूचा
	कति आएउ बूढापाका कति आएउ फुचा

ज.	धेरै बाटिऊँ नाम्लादाम्ला थोरै बाटिऊँ कूचा
	धेरै आयौँ बूढापाका थोरै आयौँ फुचा

घ.	के भनी आएउ मातालाई के भनी आएउ पितालाई
	के भनी आएउ देवी देउरालीलाई के भनी आएउ कोसीलाई

ज.	रतेउली खेल भनी आएऊँ मातालाई साथै ल्यायौँ पितलाई
	ध्वजापतङ्गा चढाई आयौँ, देवी-देउरालीलाई हरहर भनी आयौँ कोसीलाई

घ.	तुलसीको लिङ्गो सातै ठाउँ बाङ्गो, सातै ठाउँ लायो चरीले गुँड
	यिनयिन चरीको के हो नाउँ, लाउँछौ अर्थ कि छोड्छौ ठाउँ

ज.	तुलसीको लिङ्गो सातै ठाउँ बाङ्गो, सातै ठाउँ लायो चरीले गुँड
	यिनयिन चरीको हिरामोती नाउँ, लायौँ अर्थ छाड्दैनौँ ठाउँ

स्रोत : रत्न भेटवाल पूर्ववत :

मिति २०६७१९।३

**जन्ती पक्षले घरगाउँलेसँग सवाल गर्दै गाउने सिलोक**

ज.	कसरी छोरी सिरी *(श्री ।)* सीता रानी
	कसका छोरा लक्ष्मण राम
	कसका छोरा वीर हनुमान्
	कसका छोरा चन्द्रमा घाम

घ.	जनककी छोरी सिरी सीता रानी
	दशरथका छोरा लक्ष्मण राम
	वायुका छोरा वीर हनुमान्
	दितिका छोरा चन्द्रमा घाम

ज.	कहाँ बस्छिन् सिरी सीता रानी
	कहाँ बसछन् लक्ष्मण राम

कहाँ बस्छन् वीर हनुमान्
कहाँ बस्छन् चन्द्रमा घाम

घ. अयोध्यामा बस्छिन् सिरी सीता रानी
दरबारमा बस्छन् लक्ष्मण राम
जङ्गलमा बस्छन् वीर अनुमान्
आकाशमा बस्छन् चन्द्रमा घाम

ज. कतिसमानकी पोखरी खनायौ
कतिसमनकी जल
कतिसमानका इष्टकुटुम्ब
कतिसमानको बल

घ. कोदालीसमानकी पोखरी खनायौँ
पोखरीसमाजकी जल
आफूसमाजके इष्टकुटुमब
बाहा *(पाखुरा ।)* समाजकै बल

स्रोत : सन्तोष भेटवाल पूर्ववत
मिति २०६७९।२

**गणितसम्वन्धी सिलोक**

ज. एकान्तस्थलमा त पोखरी नौ भुइँसी त नौ नौ थिए
तिनका साथमहाँ त हाँस नौ नौ जम्मा बसेकै थिए
हाँसका साथमा त फुल नौ नौ जम्मा भए हुन् कति
यसको अर्थ बताऊ पण्डितजी हो ! रेखा नछोडी रत्ती

घ. एकान्तस्थलमा त पोखरी नौ भुइँसी त नौ नौ थिए
तिनका साथमहाँ त हाँस नौ नौ जम्मा बसेकै थिए
हाँसका साथमा त फुल नौ नौ जम्मा भए हुन् कति
यसको अर्थ बताएँ पण्डित भए ६५६१ गनी

स्रोत : ववुल भेटवाल पूर्ववत
मिति : २०६७९।२

**बाह्रमासे सिलोक**

बालुमा बरु तेल खूब बलले पेले कतै आउला
चर्का घाम चुसी चुसी बरु कतै  पियास मेटिएला
मुसाको सिल मिलला बरु कतै संसार घुम्ने गरे
प्राणै देऊ परन्तु मूर्ख कहिल्यै रिझ्दैन कस्तै गरे

होलान् त्यसपछिका मनुष्य कलिका पानी अधर्मी सब
लुच्चा चोर छली कप्टीहरुको खोसी लिने वैभव
मासु खाई अनेक जन्तुहरुको होलान् पशुझैँ अनि
गर्नन् मैथुन नित्य रात्री दिनमा क्रोधी र कामी बनी

चारें वर्ण बिसें हुनेछ कलिमा जसले सक्यो त्यै धनी
होला भेद कुनै गरिब धनीको होवैन केही पनि
भक्षाभक्ष बिसे विचार जनले त्यागी दिने छन् जब
गम्यागम्य घुमी खुला पशुसरी समभोग गर्नन् सब

स्वास्नीकै बसमा हुनन् मनुष्य सब बस्नन् कमारा बनी
सोध्नन् स्त्रीसँग कार्य क्यै गरिए के गर्नुपर्ला भनी
आज्ञालङ्घन मातृपितृ सबको गर्ननन् दुखाई मन
पत्नीको सब बात आदर गरी सुन्नन् र जान्नन् जन

स्रोत : विक्रम विश्वकर्मा पूर्ववत
मिति : २०६७।९।२

कर्मगीत कामको प्रकृति अनुसार असारे, दाई, संस्कार गीतमा विभजन गरेको पाइन्छ । कर्मगीतमा समाजका मर्म, भाव, व्यथा, सुख, दुःख, हाँसो, रोहन, आदि झल्किएको पाईन्छ । यी गीतहरुमा हाँस्य, करुणा, शान्त, श्रृङ्गार भावहरु व्यक्त भएको पाइन्छ ।

## ४.२ कर्मगीत

### (क) असारे गीत

**असारमास**

असारमास रोपेको धान कुन मैना पसाउँछ

एकचोटि आउँछ अल्लारे जोबन दुनियाँ हसाउँछ

असारमासमा धानलाई रोप्नु त्यो गैरी खेतैमा
तिमी र हामी मायै र लाउँ न यही हाम्रो भटैमा

असारमासका खेतालालाई दोपहरे *(खाजा ।)* बाँडुँला
मायालाई दिउँला स्पिरिङ छाता म तैसे हिडुँला

असारमासको छिपछिपे हिलो छिःमलाई घिन लाग्यो
पातली नानीलाई गुनिउँ किन्दा छबीस रिन लाग्यो

छुपुमा छुपु धानलाई रोपन ।तमा बढि दिउाला
अरुलाई दिउँला बोली र वचन मायालाई जीउ दिउँला

धानैलाई रोप्नु लै छुपुछुपु आलीमा मुगिमास
छोरालाई भने अंश र बण्डा छोरीलाई बनिबास

असारमासको दबदबे हिलो मुङ्सिरको पहिलो दाइँ
नमरी बाँचे दैवले साँचे भेट होला कहिले-काइँ

स्रोत : मुकुन्द पौड्यल, वर्ष ४७, पठित
विजलपुरा २, चल्की, मिति : २०६७।९।२

**रोप है रोप रोपर्नी नानी**

रोप है रोप रोपार्नी नानी पँजाइ *(फिँजाई ।)* दिउँला बीउ
बाउसेलाई दिउँला एक राते दही हलीलाई दिउँला घीउ

सानोमा सानो गाईको बाछो वन चर्छ चर्दैन
म कान्ने केटा तिमी कान्ने केटी मन पर्छ पर्दैन

फलीमा फली मार्सीको चामल असारे रोपाईलाई
अरुलाई मैले बोलाको हैन ज्यूहजूर तपाईलाई

हिमालैचुली त्यो पल्लोपट्टि गाई पुच्छर डोलाउँछ
खुट्टाको कल्ली हिँडनु हल्लीको मलाई बोलाउँछ

माथिलैबड को मान्छे झऱ्यो जोगी कि सन्यासी
नौ गदी तर्दा कामैले गर्दा भेट हुन्न हम्मेसी

हिमालैचुली त्यो पल्लापट्टि रुख मात्रै सिक्रिन्छ *(पात-फूल सबै झर्नु ।)*
जनैको डोरो दुःखीको छोरो मन मात्रै बिग्रिन्छ

भातैलाई पोको लै गुदुगुदु दाल पाको लयालु
खोजी है मरे पाउनेमा छैनौ मजस्तो मायालु

खुट्टीमा खुट्टी बुटजुत्ता सिउने मदिसे दनुवार
काँ सुन्नु तिम्रो यो नरम बोली काँ देख्नु अनुहार
सानोमा सानो कुसुमे रुमाल हातले धुँदै छु
हुक्काको फुली मायालु ठूली तिम्लाई सम्झी रुँदै छु

स्रोत : मुकुन्द पौड्यल पूर्ववत
मिति २०६७।९।२

**(ख) दाइँ गीत**

**दाई बरदो**

तेरो बाबु झाले बरदो हो ..........है
तेरी आमा कैली
कसो गरी छुटाउलास्

मेरो बरदो हो .........

जोबन *(चढ्दो उमेर ।)* भयो वैरी

लक्ष्मीको छोरो बरदो हो .........है

कामधेनुको नाति

हिँड्न लागिस नि .......

मेरो बरदो हो .....
धान परालमाथि

ह ह ह ..........

अल्छीको बल्छी बरदो हो ........ हे

पाखुरीको जाल

मर्दको दुवाली

मेरो बरदो हो ......

माछाको काल

ह ! माले ह ! झाले

मेहेका टुप्पामा बरदो हो ..........है

बसिगयो रुपी

गोरु धपाउने केटाको

मेरो बरदो हो ......

उदेलौँ कि टुप्पी

स्रोत : राडी माईला, वर्ष ५५ अपठित

विजलपुरा २, चल्की, मिति २०६७९।२

## ४.३ बाह्रमासे गीत

### (क) एकोहोरी गीत

**कठै मैले के गर्ने !**

धोबी खोलो मैलो भयो मैले कुसुम *(रुमाल ।)* धुँदा

पिपलैका जरा भिज्यो मै बसेर रुँदा

पिपलैको जरा भिज्यो मै बसेर रुँदा
कठै मैले के गर्ने

धनकुटाका डाँडैडाँडा थुन्से लडाएको
शिरको टोपी भुइँमा खारी बिन्ती चढाएको
कठै मैले के गर्ने

स्रोत : शोभा वराल, वर्ष २८ शिक्षित
विजलपुरा २, चल्की टोल, मिति २०६७।३।२७

यसलोक गीतमा वियोगमा परेकी युवती आफ्नो प्यारासँग आफ्नो दुखेसोले गर्दा पिपलुको जरा भिजेको कुरा विप्रलम्ब श्रृङ्गार भावद्वारा व्यक्त गरिएको छ ।

**बैनी नानी यो बेला**

फूल फुल्यो (सगरमाथा अञ्चलम) २
माया त लाऊ है सारा त सन्सारमा
बैनी नानी यो बेला,
साह्रै राम्रो फुलको कोपिला

यो मायाले (के गर्‍यो के गर्‍यो) २
रातको निद्रा दिनैको भोक टार्‍यो
बैनी नानी यो बेला,
साह्रै राम्रो फुलको कोपिला

स्रोत : कविता कोइराला वर्ष ३०, शिक्षित
विजलपुरा २ चल्की टोल मिति २०६७।३।२७

यस गीतमा यौवना अवस्था साह्रै राम्रो अवस्था हो । यसलाई फूलको कोपिलासँग तुलना गरिएको छ । यो उमेरमा माया प्रितीको स्मरणले गर्दा युवा युवतीहरुलाई वेचैन वनाउने रातमा निन्द्रा र दिनमा भोक समेत टार्ने अवस्था श्रृङ्गारिक भावद्वारा व्यक्त गरिएको छ ।

**सुनकाटी गजुर**

हिमालै चुली त्झो पल्लो हउ *(थेगो ।)* पट्टि
रुख सुक्यो सर्लङ्गै *(पूरै ।)*

चोली है फाटे दर्जिले सिउँछ ।
मन फाटे भरङ्गै
सुनकाटी हउ हजूर
राम राम छ हउ गजूर
सुनकाटी हक गजूर
कहाँको हक तिमी
कहाँको हउ हामी
भेट भयो हउ हजूर

देउमाई र हउ खोला
ज्यान *(थेगो ।)* बाडी *(पानीको भेल ।)* र हउ आयो
बगायो हउ झिँगटा *(रुखका स साना हाँगा ।)*
सुनकाटी हउ गजूर
राम राम छ हउ हजूर
बगायो हउ झिँगटा
प्यारीले हउ देको
एक खिली हउ चूर *(सूर्ती)*
चलायो हउ रिँगट

स्रोत : मेघाराज वराल वर्ष ६० पठित
विजलपुरा २ चल्की मिति २०६७।३।२८

यस गीतमा पहिलो सम्बोधनमा भेट भएका युवा युवतीहरु वीच कुराकानी हुँदा युवतीले दिएइको प्रितीरुपी एक खिलि चुरोटले मायारुपी रिंगटा (चकर) चलासको कुरा श्रृंगार भावद्वारा व्यक्ति भएको पाइन्छ ।

**झम्के फुली**

गैरीखेतमा दुई जना बाउसे सानैदेखि म यस्तै रउसे
झम्केफुली नाकैमा बुलाकी
यसपालि त घरबारै होला कि

गैरी खेतमा धान फल्यो तीसगेडा

जा जा भन्छ काँ जाउँ है निस्केर

झम्के फुली नाकैमा बुलाकी

यसपालि त घरबारै होला कि

स्रोत : विवश कोइराला वर्ष २० पठित

विजलपुरा २, चल्की मिति २०६७।३।२८

यस गीतमा एउटी यौवनवस्थाले पूर्ण भएकी युवतीले यसपाली चाहिँ पक्कै आफ्नो विवाह हुने आशामा त्यतिकै कतै पनि नजाने विचार विप्रलन्म श्रृङ्गार भावद्वारा व्यक्त गरेको पाइन्छ ।

**सिरु साइला सिरु नि माइला**

सिरु साइला सिरु नि माइला

गाइले खाने सिरु *(घाँस ।)* नि लै लै

बालखैमा जारी लग्यो

जारी केले तिरु नि लै लै

गैरीबारी छ्याङ्गै जोत्या

मान्के *(गोरुको नाम ।)* बहरैल नि लै लै

जेठी माथि कान्छी ल्यायो

मनको रहरैले नि लै लै

स्रोत : जितेन्द्रं वराल, वर्ष ३४ शिक्षित

विजलपुरा २, चल्की , मिति २०६७।३।२७

यस गीतमा एउटा अल्लारे ठिटाले भविष्यको र आर्थिक स्थिति विचार नगरी कलिलै अवस्थामा मनको रहरले बहुविवाह गरेको प्रसङ्ग श्रृङ्गार भावद्वारा गरिएको छ ।

**सानो माया**

लहरो हाउ *(थेगो ।)* तान्दा पहरो गर्ज्यो

भुईचम्पा फुल्नलाई

भुईचम्पा फुल्नलाई सानो माया

भुईचम्पा फुल्नलाई

बाकसको लुगा झिकिदेऊ आमा

सहरै डुल्नलाई सानो माया
सहरै डुल्नलाई

स्रोत : गोमा कोइराला वर्ष ३७, पठित
विजलपुरा २, चल्की  मिति २०६६।३।३८

यस गीतमा एउटा अल्लारे मनमा तछाड मछाड गर्दै विभिन्न भावनाहरु उर्लेर आएका र एउटा सानो मायालाई खोजन नजर र बजारको प्रयोग गर्न आफ्नी आमालाई आफ्ना वस्त्रहरु वाकसबाट झिक्ने अनुरोध श्रृगार भावद्वारा व्यक्त गरेका पाइन्छ ।

**गरिपले माग्न जान्छ भाँडो बसालेर**

गरिपले माग्न जान्छ भाँडो बसालेर
महाजनले किन दिन्थ्यो भन्छ खसालेर
गरिपलाई जीउ पाल्न सार्‍हो
माहाजनले दिदैनन् उधारो

बल्ल तल्ल दिने मन भयो भने हर
हाते जाकट *(धीतो)* के चाहिँ ल्याएछ हेरौँ भन्छ फेर
हाते जाकट केही छैन, छन हालमा गोरु
हलगोरुले नपुगमो घरबारी बरु
लेखिदिन्छु दिनुहोस् पोहिसा *(पैसा/रुपैयाँ ।)*
छोराछोरी तीन दिनका भोओका *(भोकाएका ।)*
एक टक्क तीन पट्टा *(तीन पटक ।)* पारी पट्याएर
गरिपलाई धन दियो धनीले
गैरकेछ ढुसी *(झन् गरिब ।)* भई गरिप
+ +
दुई तीन वर्ष वितिसक्यो धन खाएको तैले
माथिबड साहू आयो लट्ठी घोडामाथि पैले
भन्न थाल्यो दिनरात खा' को *(खाएको ।)* हैन हेर
मैले खा' को थोरै पोहिसा लेखन भयो धेर

स्रोत : जगत बहादुर खत्री वर्ष ६० अपठित

विजलपुरा २, चल्की मिति २०६७।३।२८

यस गीतमा हामी व्यक्तिहरुले गरिब व्यक्तिहरुलाई सदैव सताएका हुन्छन् । गरीवहरुको समस्या बुझ्नुको सट्टा उल्टै उनीहरुले व्याजको स्याज, स्याजको प्याज जस्ता कुरा करुणा भावद्वारा अभिव्यक्ति भएको पाईन्छ ।

**लेकै फुल्यो लालीगुराँस**

उकालीमा बर खाँदा खाँदै
जुनी बित्यो मायालाई पर्खदै
लेकै फुल्यो लाली गुराँस

गाईको बाछो आलीमा चर्दैन
धन त छैन मन पर्छ पर्दैन
लेकै फुल्यो लाली गुराँस

स्रोत : खगेन्द्र घिमिरे वर्ष ३५ अपठित

विजलपुरा २, चल्की टोल मिति : २०६७।३।२८

यस गीतमा उकाली ओराली गर्दै आफ्नो विदेश गएको मायालाई पर्खंदा पर्दै आफ्नो यौवनवस्था विति सकेकोले अव अन्य कुनै व्यक्तिले आफूलाई मनपराएमा व्यवहार मिलाउने आशामा विप्रल श्रृङ्गार भाव व्यक्त भएको पाइन्छ ।

**लसमा लस मसला पिस्नु**

लसमा लस मसला पिस्नु लोहोरी *(लोहोरो ।)* भए पो
एकोरी *(एकोहोरो ।)* माया म कति गुरुँ दोहोरी भए पो
काटमिा कुटी सार्कीले गर्छ सीप लाउने सर्किनी
हिँडेका भए काँ पुग्ने थिएँ मायालाई पर्खे नि

स्रोत : सम्झना वराल वर्ष ३२ शिक्षित

विजलपुरा २, चल्की मिति २०६७।३।२९

यस गीतमा आफ्नो पति परदेश गएको र उसले आफूलाई मायामारी सकेको तर उनले भने आशै आशामा पर्खेर बसेको र अहिले आएर पछुतो मानेको कुरा विप्रलम्व श्रृङ्गार भावद्वारा व्क्त गरिएको छ ।

**(ख) सँगिनी (आख्यानविहीन)**

**बाबा र ज्यूको नि त्यो टारी खेत**

बा बा र ज्यूको नि त्यो टारी खेत
ढुकुरै लुकने बीउ है बाबा
ढुकुरै लुक्ने बीउ
बारुले कम्मर नि डोलने *(डोलो पारेर बाटेको चुल्ठो ।)* चुल्ठो
खातिरै *(रहरलाग्दो ।)* लाग्दो जीउ है बाबा
खातिरै लाग्दो जीउ
बाबा र ज्यूको नि त्यो टारी खेत
जोरजोरै समाहा *(खेतको गरामा बढी भएइको पानी बग्न आलीमा बनाइएको निकास ।)* है बाबा
जोर जोरै समाहा
मरेको गोरु नि डुक्रिँदै आयो
दर्जीकै दमाहा है बाबा
दर्जीकै दमाहा
सुरिलो रुखको नि खिरिलो हाँगा
चरीले टेकेको है बाबा
चरीले टेकेको
बाबाले हैन नि आमाले हैन
भावीले लेखेको है बाबा
भावीले लेखेको
बाबा र ज्यूको नि तीन तले घर
मूल खाँबो फेरउ न है बाबा
मुल खाँबो फेरेउ न
सात डाँडा कटाई नि दि हालेउ बाबा

घर केटो हेरेउ न है बाबा

स्रोत : शान्ता पौडेल वर्ष ४५

विजलपुरा २, चल्की मिति २०६७।३।२९

**(ग) दोहोरी गीत (जुवारी)**

**दोहोरी गीत : एक**

केटा : घरेको बाँहा *(खाँबो ।)*
भनन भन नि बैनी
तिम्रो घर काहाँ *(कहाँ ।)*

केटी : हावैजाज गिरान *(विमानस्थल ।)*
घर सोध्छौ भने नि दाजु
विजलपुरा *(ठाउँ विशेष ।)* सिरान *(सबभन्दा माथि ।)*

केटा : गाई चर्ने वन छ
मोटरमा चढाइ नि दाजु
काँ लाग्ने मन छ

केटा : हल गोरु बहर
घुम्न जाउँ भनेको बैनी
दार्जेलिङ्ग सहर

केटी : मादलको घेरो
दार्जेलिङ्ग घुम्ने नि दाजु
मन छैन मेरो

केटा : त्यही घरको बाँहा
दार्जेलिङ्ग हैन त बैनी
जाउा त काहाँ

केटी : गाई गोठेरी
जाउँ भन्दा मान्दिनौ बैनी
कति निष्ठुरी

केटी : पानी चिसै छ
निष्ठुरी भने नि दाजु

भैगो ठीके छ

स्रोत : सरिता आले मगर वर्ष ३५

विजलपुरा २, चल्की मिति २०६७३।२९

दोहोरी गीतहरुमा खासै गरी युवा युवतीहरुको नै अहम् भुमिका रहेको पाइन्छ । यस गीतमा केटा र केटी जसले गीतमा हास्छे त्यसले जित्ने पक्षको घर जानु पर्ने हुनछ । हाम्रो देश पुरुष प्रधान देश भएकोले पुरुषहरुले नै जित्ने र महिलाहरुलाई आफ्नो घर लैजाने प्रचलन पाइन्छ । यस लोक दोहोरीमा केटाले विभिन्न ठाउँको भ्रमण गर्दे आफ्नो घर लान अनुरोध गर्दछ तर युवती कतै पनि नजाने इच्छा व्यक्त गर्दै निष्ठुरी वन्छे यस रोचक घटनालाई श्रृंगारिक भावद्वारा व्यक्त गरेको पाईन्छ ।

**सिरसिरे डाँडोको फिरफिरे हावा**

सिरसरे डाँको फिरफिरे हावा
फरक्कै फिरी नि सरक्कै लगो
यै पछ्यौरीको छेउ है बाबा
यै पछ्यौरीको छेउ
+ + +
उडी है जाने नि चरी है पन्छी
आउँदैन च्याउ *(कराउनु ।)* गर्न है बाबा
आउँदैन च्याउ गर्न
माइतीको माया त लाग्छ नि बाबा
सक्दिन आउन है बाबा
सक्दिन आउन

स्रोत : अम्बिका कोइराला, वर्ष ५७
विजलपुरा २, चल्की , मिति २०६७३।२९

**सँगिनी** (आख्यानयुक्त)

**बाबा र ज्युको नि नौ तले घरमा**

बाबा र ज्युको नि नौतले घरमा
नवै जोर परेवी है बाबा
नवै जोर परेवी
एकै जोर परेवी दाइजो देऊ बाबा
घुरुघुरु नि परेवी घुर्दा
जुरुक्कै उठ्नेछु
दोस्रो र पहर नि परेवी घुर्दा
मै धन्दा छिन्नेछु है बाबा
मै धन्दा छिन्ने छु

तेश्रो र पहर नि परेवी घुर्दा
मै पानी ल्याउनेछु है बाबा
मै पानी ल्याउने छु

के लान्छेउ चेली नि परेवा दाइजो
कि लैजाऊ चेली नि हात्तीकै दाइजो
न लैजाऊ परेवी
न लैजाऊ परेवी है चेली
न लैजाऊ परेवी

स्रोत : विजुलि आले, वर्ष ४०, अपठित
विजलपुरा २, चल्की, मिति २०६७।३।३०

## घुरमा घुरु

घुरमा घुरु नि परेवी घुऱ्यो
तोरीको पाजैमा *(फिजाएर सुकाएको ।)* नि बाबा
तोरीको पाजैमा
बाबाले मलाई नि कान्नेदान दिए
मिरमिरे साँझैमा है बाबा
मिरमिरे साँझैमा
कोरिदेऊ आमा नि बाटिदेऊ आमा
फूल लाइदेउ सिउँदैमा है आमा
फूल लाइदेऊ सिउँदैमा
न्याउली बास्दा नि नरुनू आमा
म आउँछु हिउँदैमा है आमा
म आउँछु हिउँदैमा

स्रोत : गीता भेट्वाल, वर्ष ५३, अपठित
विजलपुरा २, चल्की, मिति २०६७।३।२९

## कागतुजस्ती नि पातली धनै

दकागतुजस्ती नि पातली धनै
श्री सुर्जेजस्ती नि पातली धनै

आज किन अँध्यारी

तमरे *(तिम्रा ।)* बुबाले खैगर्नु *(गाली ।)* भयो

म यसै अँध्यारी है राजै

म यसै अँध्यारी

कि जान्छु माइत नि कि लानू साथै

बस्तिनन्‍ घरैमा है राजै

बस्तिनँ घरैमा

कागतुजस्ती नि पातली धनै

श्री सुर्जेजसती नि उज्याली धनै

आज किन अँध्यारी

तमरे आमाले खैगर्नु भयो
म यसै अँध्यारी है राजै
म यसै अँध्यारी

हामरे आमाको त्यही बस्यो बानी
सहीमा सही बस मेरी धनै
नभए अँध्यारी

कि जान्छु माइत नि कि लानू साथै
बस्तिनँ घरैमा है राजै
बस्तिनँ घरैमा

बाह्रै र वर्षको परदेशी म त
घर खाउ तिम्रो नाम चल्ने मेरो
बस है घरैमा

स्रोत : कल्पराज घिमिरे
पूर्ववत मिति २०६७९।३०

माथि उल्लेख गरिएका लोकगीतको एउटा मुख्य अङ्गको रुपमा चिनिने सँगिनीहरु खासै गरी वैवाहिक चेलीको वेदनालाई व्यक्त गरिएको पाइन्छ । यसमा करणा र शान्त भाव व्यक्त भएको पाइन्छ ।

(घ) बालगीत

**इन्चु मिन्चु लन्डनमा**

इन्चु मिन्चु लन्डनमा
हाम्रो भाइ पल्टनमा
इस्कुलको पाले दाइ
पहिलो घण्टी बजाई देऊ
टि नि नि नि नि नि झ्याप्प

स्रोत : सपना विश्वकर्मा, वर्ष १२
विजलपुरा २, चल्की, मिति २०६७१९।३१

**एउटा साथी जङ्गलमा**

एउटा साथी जङ्गलमा रोई बसेछ
किन रोइो सोध्दाखेरी कलम खसेछ
उसको साथी कोही पनि छैन
जङ्गलमा बसेछ
आऊ साथी आऊ सँगै खेल्न जाऊँ

स्रोत : कृति कोइराला, वर्ष १३
विजलपुरा २, चल्की, मिति २०६७३।३१

**यति-यति पानी**

यति यति पानी, गङ्गै रानी
(पैतालादेखी क्रमशः टाउकोसम्म छुँदै)
यति यति पानी, गङ्गै रानी
यति यति पानी, डुमै रानी

यो ढोका केको ?
चाँदीको

यो ढोका केको ?

सुनको

यो ढोका केको ?

पित्तलको

यो ढोका केको?

टिनको

यो ढोका केको ?

काठको

आमाले बोलयो

जानै दिन्न

बाबुले बोलायो

जानै दिन्न

दाजुले बोलायो

जानै दिन्न

भाइले बोलायो

जानै दिन्न

बुइनीले बोलायो

जानै दिन्न

\+ +

भागेर जाउँ कि छिनार *(छिनाएर ।)* जाऊँ ?

(छिनाएर वा भागेर जा)

स्रोत : सम्भना विश्वकर्मा, वर्ष १२

विजलपुरा २, चल्की, मिति २०६७।९।३१

**दशैं आयो**

दशैं आयो

खाउँला पिउँला

कहाँ पाउँला

चोरी ल्याउँला

धत् पापी, मत छुट्टी बसौला

स्रोत : ओचल वराल, वर्ष ८

विजलपुरा २, चल्की, मिति २०६७।९।३१

**बाङगा-बाङ्गा खुट्टीले**

बाङ्गा बाङ्गा खुट्टीले

सिन्की खाँदोँला

तिम्रो भोटो लैजाऊ फुपू

नाङ्गै नाचौँला

स्रोत : कृपा कोइराला, वर्ष ७

विजलपुरा २, चल्की, मिति २०६७।९।३१

**यो घर कसको**

यो कर कसको आलेको

भित्र बाहिर टालेको

बिजुली बत्ती बालेको

भोटे कुकुर पालेको

स्रोत : स्नेहा कोईराला, वर्ष ८

विजलपुरा २, चल्की, मिति २०६७।९।३१

**हुतुतुतु पन्जा**

हुतुतुतु पन्जा

बाघ पन्जा

कपर्दी खेल्दा क्या मज्जा

स्रोत : अनुराग वराल वर्ष १२

विजलपुरा २, चल्की, मिति २०६७।९।३१

**हाइ गुटुमुटु**

हाइ गुटुमुटु

परेवाको मुटु

खाउँ कुटुकुटु

स्रोत : सनम विश्वकर्मा वर्ष १३
विजलपुरा २, चल्की, मिति २०६७।९।३१

**बसबस मौरी**

बसबस मोरी
बुधवार जाउली
फूलैफूलको कचौरामा
मत तिमी खाउली

स्रोत : निकेश श्रेष्ठ वर्ष १२
विजलपुरा २, चल्की, मिति २०६७।९।३१

**ऐया आमा घैया पाक्यो**

ऐया आमा घैया पाक्यो
चिउरी कुटाइदेऊ न
चिउरी खाँदा दाँत दुख्यो
दूधले मिजाई देउ न

स्रोत : शुशान्त आले, वर्ष १०
विजलपुरा २, चल्की, मिति २०६७।९।१

**हाराबारा तोरी**

हाराबारा तोरी
सानीमाकी छोरी
पानी लिन जाँदा
बाटैमा मरी
स्रोत : निरज विश्वकर्मा, वर्ष १०
विजलपुरा २, चल्की, मिति २०६७।९।१

**टपटप टोपी**

टपटप टोपी लेकको ताना
परबाट आए कुम्मै राना
तेरा दाजु मेरा दाजु ऐरा *(शिकार ।)* गएछन्

ऐराबाट मुसा मारी ल्याएछन्
मुसा मैले चीललाई दिएँ
चीलले मलाई प्वाँख दियो
प्वाँख मैले आरनमा हालेँ
आरनबाट सियो पाएँ
सियो मैले दर्जीलाई दिएँ
दर्जीले मलाई टोपी दियो
टोपी मैले गोठालालाई दिएँ
गोठालाले मलाई घाँस दियो
घाँस मैले गाईलाई दिएँ
गाईले मलाई दूध दियो
दूध मैले गङ्गामा चढाएँ
गङ्गाबाट सहर पाएँ
सहर मैले राजालाई दिएँ
राजाले मलाई घोडा दिए
घोडा गयो छड्के
म गएँ फड्के
घोडा भयो तीरैतीर
मैले खाएँ खीरैखीर

स्रोत : प्रशान्त आले, वर्ष ११
विजलपुरा २, चल्की, मिति २०६७९।१

माथि विभिन्न वालकलाकारहरुद्वारा गाइएका विभिन्न बालगीतहरु बाल मनारेञ्जन, वालखेल, वाससुलभ, वालअधिकार, आदि भावनालाई समेट्ने खालका देखिन्छ । यी वाल गीतहरुमा शान्त, करुणा, वीर भाव समेत व्यक्त भएको पाइन्छ ।

(ङ) **भजन**

**राधे राधे कृष्ण कृष्ण**
राधे राधे कृष्ण जपौँ मनैमा

छैनन् कृष्ण जानुभयो वृन्दावनैमा
यमुनाको नीलो जल कृष्ण नुहाउने
हातमा वंशी शिरमा मुकुट कति सुहाउने
राधे राधे कृष्ण कृष्ण ...........

गोकुल खोज्यौं मथुरा खोज्यौं खोज्यौं वृन्दावन
साना सन्सार खोजी सक्यौ कृष्ण कहाँ छन्
राधे राधे कृष्णा कृष्णा ........

कृष्ण कृष्ण कृष्ण भन्ने बानी बसालिदेऊ
तिमो घरमा आउँछु कृष्ण बाटो देखाइदेऊ
राधे राधे कृष्ण कृष्ण ......

स्रोत : रविन्द्र वराल पूर्ववतः
मिति २०६७।९।१

बालन खासै गरी रामभक्ति र कृष्ण भक्ति गरी दुई भागमा विभाजन गरेको पाइन्छ । बालन भगवानको आरर्धना गरिने हुनाले यसमा कर्ताले कुनै भाकल (कवोल) गरेको हुन्छ । त्यो भागक पूरा भएमा उसले भने वमोजिम बालन खेलाउने (नचाउने) कार्य गरिन्छ । यसमा टोली भित्र झोली हुने हुनाले प्रत्येक झोलीले आ-आफ्नो साथीहरुसँग लय मिलाएर नाच्ने गर्दछन् । यसमा पहिले ईश्वरको स्तुति त्यसपछि विषय प्रवेश र अन्त्यमा आर्शीवाद दिएर लिङ्ग सेलाउने कार्य गरे पछि समाप्त गरिन्छ ।

**दुर्गामाताको भजन**

जय जय हो ! दुर्गे अम्बे माता
भक्तजनको भाग्य विधाता
शम्भु निशुमभ दानव मारी
शान्ति दिने दाता जय जय

दुर्गा रुप धराण गरी

महिषासुरलाई मार्छेउ
अम्बे महिषासुरलार्य मार्छेउ

पापीजनको संहार गरी
भक्तजनलाई लान्छेऊ
जय जय हे दुर्गे माता

शम्भु निशुम्भ दानव मारी
दुर्गेमाता भगवती दक्षिणकाली पनि
जय जय हे दुर्गे माता

शुम्भ निशुम्भ कामष र गुहेश्वरी
जगदम्बा भर्ना
फैलिरहेछ त्रिलोकमा हजार नाउँ तिम्रो
शरणमा छौं जय दुर्गे रक्षा गर हाम्रो
जय जय हे दुर्गे अमबे माता

स्रोत : सुक्रे आले मगर वर्ष ६० पठित
विजलपुरा २, चल्की मिति २०६७९।३

**गङ्गामाईको स्तुति**

हर हर गङ्गा माई, है हर हर गङ्गा माई
गङ्गा र मार्यका शिरमा महादेवका जटा
महादेवका जटाबाट बहिन् गङ्गामाई
हर हर गङ्गा मार्य है हर गङ्गा माई

महा र देवका जट्टा धारा बहिन् गङ्गा माई
आस्नान *(नुहाउनु ।)* गरुउँ *(गरौँ ।)* गङ्गा माईलाई
शुचि गरुउँ देही

सबे दुक्ख दलिद्र छुटाऊ प्रभु मेरै
हर हर गङ्गा माई है हर हर गङ्गा माई
गङ्गा र माईका तीरनिर काली तुलसाई *(तुलसी ।)*
काली जो तुलसैको बिरुवा बने है
एके र पाते तुलसा त दोसरी पाते भइगैछिन्
दोसरी पाते तुलसा त तेसरी पाते भैगेछिन्
चतुरमुखी आए- ब्रह्मा नारायण
चारैपाते तुलसा त पाँचै पाते भैगेछिन्
पाँचै र बिरवा एकै र पाते तुलसा त
पाँचै बिरुवा, स्वामी पीपल, अगस्ति, शङ्क, बे(ल, तुलसा
हर हर गङ्गा माई है है हर गङ्गा माई
गङ्गा र माईका तीरनिर भक्ति र माईको मन्दिरै बन्यो
भक्ति र माईका मन्दिरैमा रिषेसोर *(ऋषि ।)*
आई आई प्रदक्षिण *(परिक्रमा गरी पूजा गर्नु ।)* गरेछन् ।
प्रदक्छिण गरी गरी धूप र दीप गरेछन्
धूप र दीप गरी गरी चारै वेद पढेछन्
चारै वेद पढी यही लीला गरेछन्
रामजी कि औतार नारायण रामजी कि

स्रोत : रत्न काजी पूर्ववतः
मिति २०६७।९।२

भजन लोकगीतको एक अङ्गका रुपमा अनादिकाल देखि चलि आएको एक अपविधा हो । यो सगुण भक्तिधारा र निगुर्ण भक्ति धारामा विभाजन गरेको पाईन्छ । यहाँ कृष्ण स्तुति कृष्ण भक्तिधारा र दुर्गामाताको भजन र गङ्गा माइको स्तुतिमा शान्त भाव व्यक्त भएको पाइन्छ ।

**च) बालन**

**श्री रामायण भारतपञ्ज बालन**

**आरती**

पहिलो हो मा आरती राम प्रभु राम

पुष्पकी माला काली र नाग नाची ल्याऊ कृष्ण गुवाला *(गोठाला/ग्वाला ।)*

आरती जय राजा रामचन्द्र कि जय

जय हर हर भक्त कराउनी राम प्रभु राम

दरिसन *(दर्शन ।)* दि जय आरती कि जय

राजा रामचन्द्र कि जय

दोसहरी *(दोस्रो ।)* आरती राम प्रभु राम

देवरज्यूकी नन्द भक्त सुधारुँ है कङ्स कि फन्दा

आरती जय राजा रामचन्द्र कि जय

तेस्रा है मा आरती राम प्रभु राम

त्रिभुवन महि गुडरस सिङहासन रामजी कि सही

आरती जय राजा रामचनद्र कि जय

स्रोत : पुष्पराज वराल वर्ष ६६

्विजलपुरा २, चल्की, मिति २०६७।९।१

**रामायण भारतपञ्च बालन**

(सुरुमा बालने उठेर घुमी घुमी नाच्छन्)

हो उठतन *(उठेर ।)* कण्ठ भजमुखी *(स्वर मिलाएर उपासना गर्नु ।)* दन्त जिबा[१२५] *(जिब्रा ।)* बसे सरसोती माता

हो एसै गृह आगनमा खेलन आयू *(आयौं ।)*

आज्ञा देऊ धरती माता

हो धरती माताको सो हुकुम भयो

खेलराजै हो छमछम

ओमसिरी *(ॐ ।)* राम ओमसिरी राम

सिरीराजै रामको नाम

हो ओलाउ *(भाका मिलाउन आएको ।)* सिरीराम बोलाऊ सिरी राम

उठाऊ सिरीरामको नाम
सरसोती माता बुद्धिका दाता
हृदय कण्ठैमा रहुन्

हो सिरी रामनारायण विष्णु भगवान्
इस्सोर हुन् तीनै लोकका दाता
हो एसै गृह आँगनैमा खेलन दाता
हो एसै गृह आँगनैमा खेलन आयू
आज्ञा देउ धरती माता
हो विष्णु भगवान् बैकुण्ठमा
जन्मलिन्छन् अब तिनले कहाँ
त्रेता युगमा सबै भार हर्लान्
जन्मलिन्छन् अइद्धे *(अयोध्या ।)* माहाँ
हो कसका कोखियामा जन्म लिन्छन्
कउने *(को ।)* होलिन् है माई
दशरथका कोखियामा जनम लिन्छिन्
कौशल्या होलिन् है माई

हो कउने रुप नारायणले जनम लिन्छन्
कतिवटी होलिन् है माई
चारै रुप नारायणले जनम लिनछन्
तीनवटै होलिन् है माई

हो कसले देलान् बैकुण्ठ बास
कसले देलान् है माई
सत्ये शिव दिऊन् बैकुण्ठ बास
लक्क्षुमनले *(लक्ष्मण ।)* दिऊन् है भाइ

हो कण्ठ वनमाला तुलसाले दिऊन् धरतीले दिऊन् है घर
शुभो *(फाप/सुन्दर ।)* घडेरी ऋषिजीले हेरुन्, काठपात विष्णु क्रम गूरन्

देवदानवले घडेरी खनून्, जैसी जिपुले जोतिस गनून्
कति ऋषि बसी घडेरी हेरे, कउने *(को ।)* जसिला

सोह्रै ऋषि बसी घडेरी हेरे, अकूटजैसी *(राम्रो ज्योतिषी ।)* जसिला
कउनेर[१३५] *(कुन ।)* ठाउँको घडेरी हेरेऊ, कउने ठाउँको खेती

हो उच्चा र ठाउँको घडेरी हेरिऊ निच्चा ठाउँको खेती
कहाँमा होला घडेरी तर काँहा होला हो शुभो ठाउँ
कउने र लगनमा खम्बा जो गडायौं, कति वर्षको आयु
हो सिरी शुभो लगनमा खम्बा जो गडायौ?
एघार हजार वर्षको आयु
कउने र काठको खम्बा जो गडायौ? कउने है काठको बलो *(छानाको दाँतमाथी बीचदेखि धुरी बोकेर बसने लामो काठ ।)*
हो श्रीखण्ड काठको खम्बा जो गडायौ, श्रीशुभ काठको बलो

स्रोत : मेघराज वराल
पूर्ववत : मिति २०६७९।१

**लिङ्गो सेलाउने**

उठन कृष्ण नुवाई धुवाई पँधेरामा जाऊँ न
पँधेराका कृष्णजीलाई भान्सैमा ल्याउँ न
स्वर्गलोकमा तिमी छौ मर्त्यकालमा तिमी छौ
आकाशैमा तिर्मा छौ पातालैमा तिमी छौ
जलमा तिमी छौ थलमा तिमी छौ
तिम्रै पो गऱ्यौ प्रभु नारायण, तिम्रै गऱ्यौँ नारायण

चामल चाउँ भने मुसलको बिटुलो

के चढाऊँ के चढाऊँ हरि प्रभुलाई

सदादिन पुष्प चढाऊँ

निर्मल जलले बालाको शिर नुहाऊँ है

कोटि कोटि पाप बहाऊँ

दूधै र चढाऊँ भने बछिया *(बाछो ।)* को बिटुलो

के चढाउँ हरि प्रभुलाई

सदादिन नैवेद चढाऊँ

निमृल जलले बालाको शिर नुहाऊँ है

नारायण कोटि कोटि पाप बहाऊँ

बालगोपाल तिम्रै शरणमा

स्रोत :मुराली वराल, वर्ष ५१ पठित

विजलपुरा २, चल्की टोल मिति २०६६।४।१

## ४.४ पर्वगीत

**तीजे गीत**

**नपढेकी चेली**

नपढेकी चेलीलाई पढेकलाई दिनु' भो
बाबा र आमाले पाप लिनु' भो
स्वामीज्यू भन्नुभयो दूधलाई मिलिक
नबुझ्केर मैले हेरेँ मुखमा पिलिक्क
नपढेकी चेलीलाई पढेकालाई दिन' भो
बाबा र अमाले पाप लिनु' भो

अङ्ग्रेजीमा पानीलाई भन्दारैछन् वाटर
नबुझ्केर मैले ल्याएँ काँचो कटर
नपढेकी चेलीलाई पढेकालाई दिनु' भो
बाबा र आमाले पाप लिन' भो

अङग्रेजीमा भन्दारैछन् केरालाई बनाना
नबुझ्केर म त घुमे त्यही फनन

नपढेकी चेलीलाई पढेकालाई दिनु' भो
बाबा र आमाले पाप लिनु' भो

स्रोत : रीता कोईराला वर्ष ३२
विजलपुरा २, चल्की मिति : २०६६।९।२७

**दाजु र भाइ**

दाजु र भाइलाई इस्कूल कलेज पठाउने
म एउटी छोरीलाई घाँस कटाउने
मीठो खाना दाजु र भाईलाई खुवाउने
म एउटी छोरीलाई ढिँडो खुवाउन
छोरालाई कापी र कलम किन्दिने
म एउटी छोरीलाई डोको बुन्दिने
जाँड, रक्सी, जुवा, तास गर्छन् छोरा जति
घर-धन्दा, मेलापात गर्छन् छोरी जति
सानैदेखि घाँसदाउरा छुन पाइनँ किताब
एउटै कोखका छोरा-छोरी कस्ते निसाफ

स्रोत : रीता कोइराला पूर्ववत
मिति : २०६७।९।२८

**वर्ष दिनको तीजमा**

वर्ष दीनको तीजमा बाबा लिन आउनु' भो
पठाएनन् स्वामीजीले फर्की जानु' भो
अलिपर चौतारीमा बस्नुस् मेरा बाबा
स्वामी मन बुझाएर आउँछु बरिलै
सिमसिमे पानी पर्‍यो शिरको टोपी रुझ्दैन
रानी तिम्ले बुझाएर यो मन बुझ्दैन
वर्ष दिनको तीज घुमिफिरी आइरहने
टाढा माती जान पाइनँ मन रोइरहने
तलमाथि वरिपरि दिदी-बुइनी आए हुन्
मलाई सम्झी मेरी आमा कति रुँदी हुन्
छोरी आइन भनेर नरुनुहोस् आमा
अर्को सालको तीजमा आउँछु बरिलै

स्रोत : रीता कोइराला पूर्ववत

मिति २०६७।९।३०

**बिहानै उठछिन्**

बिहानै उठिछिन् हातमुख धोइछिन्

खेतमा पानी लाउन गयछन् बरि

सासू र स्वामीजीले लगाएको वचन

सम्झी-सम्झी हिक्क-हिक्क रोइछिन् बरिलै

एकैछिन  बसेर पानी पनि लाइछिन्

त्यही बेला ठूलो वर्षा भएछ बरिलै

घर जान्छु भनेर अलिओर आइछिन्

माथिबड पैरा आई पुऱ्यो बरिलै

रातै थियो गुनिउँ चोलो रातै थियो रिबन

सत्र वर्षे टुहुरीको गयो जीवन

स्रोत : रीता कोइराला पूर्ववत
मिति २०६७।९।३०

**तीजको बेलामा**

तीजको बेलामा सबै जान्छन् माइत

आफ्नो माइती मुङलानपारि छैन साइत

तीजको बेलामा जानुपऱ्यो मेलामा

मै छोरीको आँसु खस्यो खेला ठेलामा

देउरानी र जेठानी दर खान माइतमा

आफू चाहिँ कामधन्दा सँगै घरमा

टाढा माइती भनेर सबैले हेपने

दिन रातको दुख चाहिँ कोइले नदेख्ने

सासू र आमाजूले मेरै कुरा काट्ने

जति काम गरे पनि राम्रो नदेख्ने

स्रोत : रीता कोइराला पूर्ववत

मिति २०६७।९।३०

**भैलो गीत**

भैलिनी आइन् आँगन
गनिउँ चोलो मागन
हरियो गोबरले लिपेउ कि
लक्ष्मी पूजा गरेउ कि
हे औँसीबारो गाईतिारो भैलो

हार्मा तेसै आएनौँ
बलिराजाले पठा' को
हामी सधैँ आउँदैनौ
वर्ष दिनमा एकचोटि
हे औसीबारो गाई तिहारो भैलो
जसले दिन्छ मुठी
उसको सुनको गुठी
जसले दिन्छ मानो
उसको सुनको छानो
जसले दिन्छ पाथी
उसको सुनको छाती
जसले दिन्छ मुरी
उसको सुनको धुरी
है औसीबारो गाईतिहारो भैलो

स्रोत : सुजता वराल वर्ष ४०
विजलपुरा २ चल्की मिति : २०६७९।१

**देउरी गीत : एक**

| | | भट्ट्याउने | समुह |
|---|---|---|---|
| आ | है | झिलीमिली झिल्ला | देउसुरे |
| आ | है | तातो रोटी मिल्ला | देउसुरे |

| | | | |
|---|---|---|---|
| आ | है | झिल्लामा उडाई | देउसुरे |
| आ | है | खेल्दै खेल्दै | देउसुरे |
| आ | है | जाँदा जाँदा | देउसुरे |
| आ | है | बलिराजाको | देउसुरे |
| आ | है | आँगनैमा | देउसुरे |
| आ | है | पुग्दामा क्यारे | देउसुरे |
| आ | है | बलिराजाले | देउसुरे |
| आ | है | सोध्नुभयो | देउसुरे |
| आ | है | केको झिल्ला | देउसुरे |
| आ | है | भनीकन | देउसुरे |
| आ | है | सोध्दा क्यारे | देउसुरे |
| आ | है | हामीले पनि | देउसुरे |
| आ | है | उत्तर दियौँ | देउसुरे |
| आ | है | वर्षै दिनको | देउसुरे |
| आ | है | तिहारको झिल्ला | देउसुरे |
| आ | है | मखमली र | देउसुरे |
| आ | है | सयपत्रीको | देउसुरे |
| आ | है | झिल्ल उडाई | देउसुरे |
| आ | है | जाँदा जाँदा | देउसुरे |
| आ | है | बलिराजाको | देउसुरे |
| आ | है | महातारीले | देउसुरे |
| आ | है | लिपेको दलान | देउसुरे |
| आ | है | कुल्चिन आयौँ | देउसुरे |
| आ | है | आउँदा क्यारे | देउसुरे |

\+ \+ \+ \+

**आसिक**

| | | | |
|---|---|---|---|
| आ | है | यसै घरकी | देउसुरे |
| आ | है | महातारीले | देउसुरे |

| | | | |
|---|---|---|---|
| आ | है | नाङ्लामा | देउसुरे |
| आ | है | निकाल्नु भयो | देउसुरे |
| आ | है | हे मोर भाइ हो | देउसुरे |
| आ | है | आसिक दिन | देउसुरे |
| आ | है | सुरु गरौँ | देउसुरे |
| आ | है | यसै घरका | देउसुरे |
| आ | है | पिताजीले | देउसुरे |
| आ | है | ढुङ्गा छुँदा | देउसुरे |
| आ | है | सुनै हवस् | देउसुरे |
| आ | है | माटो छुँदा | देउसुरे |
| आ | है | अन्नै हवस् | देउसुरे |
| आ | है | यसै घरका | देउसुरे |
| आ | है | गाई गोठ | देउसुरे |
| आ | है | फस्टाउँदै जाऊन् | देउसुरे |
| आ | है | यसै घरका | देउसुरे |
| आ | है | परेवी पन्छी | देउसुरे |
| आ | है | उड्दामा क्यारे | देउसुरे |
| आ | है | छानै ढाकून् | देउसुरे |
| आ | है | यसै घरमा | देउसुरे |
| आ | है | धनधान्यले | देउसुरे |
| आ | है | पूर्णै हवस् | देउसुरे |
| आ | है | देउसेले दे'को | देउसुरे |
| आ | है | आसिक सबै | देउसुरे |
| आ | है | थपक्कै लागोस् | देउसुरे |
| आ | है | लेकको काने | देउसुरे |
| आ | है | औँलाको माने | देउसुरे |
| आ | है | आसिक दिन | देउसुरे |
| आ | है | यति नै जाने | देउसुरे |

स्रोत : डल्ली विश्वकर्मा वर्ष ४० पठित

विजलपुरा २ चल्की मिति : २०६७।९।२८

विभिन्न भाडपर्वहरु गाइने गीत नै पर्व गीत हो । यसमा तीजमा गाइने गीत तीजगीत, दशैंमा गाइने मालसिशी, दीपावलीमा गाइने गीत देउसी-भैलो गीत आदि पाइन्छन् । यी गीतहरुले संस्कार, परम्परा, रीति-रिवाज, सुख-दुःख, रोहन-हाँसोलाई समेटेको पाइन्छ । यी गीतहरुमा करुणा, शान्त, हास्य, भावहरु व्यक्त भएको पाइन्छ ।

## निष्कर्ष

नेपालको पूर्वाञ्चलमा अवस्थित महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोल सांस्कृतिक विविधताले भरिएइको गाउँ हो । यहाँ विभिन्न जातजातीका मानिसहरुको बसोवास रहेको छ । यहाँका मानिसहरुको आ-आफ्नै किसिमका संस्कृति, रीतिरिवाज र जीवनशैली छन् । यस गाउँमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भौतिक सुविधाहरुले सम्पन्न भएको कारण यहाँको जनजीवन क्रमशः आधुनिकता तिर ढल्किदै गएको छ तर पनि परम्परागत लोकसंस्कृति जीवन्त रहेको छ । विशेषतः यस भेकमा मनाइने उत्सव, संस्कार, पर्वका साथै घाँस-दाउरा, मेला-पात, ढिकी-जाँतो जस्ता काम गर्दा समेत विभिन्न खालका लोकगीतहरु गाउने चलन भएकाले यस अध्ययन प्रतिवे(दनमा परेका लोकगीतहरु महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्कीमा खास वसोवास गर्दै आएका आमा-बुवा, दिदी-बहिनी, दाजु-भाइ, इष्ट-मित्र सर-संगतीहरुसँग घरमा होस वा वाटामा होस्, घाटमा होस वा हाटमा भेट हुँदा उहाँहरुको प्रत्यक्ष भोगाइ, गराइ र अनुभववाट प्राप्त लोकगीतहरुको संलगन गरिएको छ । समयको अभाव अथवा वर्षभरिमा आउने चाड पर्व मेला-पात, असार-मंसिर दशैं, तिहार आदि अवसर प्राप्त नभएता पनि भरिसक्य सम्पूर्ण रुपमा समेटने प्रयास यसमा भएको छ । खासै गरेर यसमा संकलन गरिएका गीतहरु असारे, दाई गीत, वालन, वालगीत, वाह्रमासे, जेठे, दोहोरी, भजन, कर्म गीत, पर्व गीत, सगिंनी, तीजे आदि रहेका छन् ।

# पाँचौ परिच्छेद

# महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा प्रचलित लोकगीतहरुको वर्गीकरण

## ५.१ पृष्ठभूमि

लोकगीत व्यक्तिगत प्रतिभाका सृजनाबाट प्रस्तुत गरिने गीत नभई लोकप्रतिभाका सहज सृजनाबाट अभिव्यक्त हुने गीत हो । यो मौखिक परम्परा वा श्रृतिपरम्पराद्धारा पुस्ता-पुस्तामा सर्दै आउँछ । मुखमुखै टिपेर गाइने र कानकानै सुनरे मन रमाउने यसै परम्परामा नेपाली लोकजीवनमा पुस्तौंदेखी लोकगीतहरु हुर्किएका, मौलाएका र झाङ्गिएका छन् । *(कृष्ण प्रसाद पुराजुली, पूर्ववत, पृ. १४८ ।)* नेपाली जनजीवनको यो साङ्गीकित क्षेत्र ज्यादै फराकिलो र फाँटिलो छ । लोकजीवनमा लोकगीत तत्कालै रचेर गाइने भए तापनि यी प्रभावपूर्ण हुन्छन् । लोकगतिमा लोकका आँसु, हाँसो, हर्ष, उल्लास, पीडाव्यथा, मिलनबिछोड आदिका अनुभूति अभिव्यक्त भएका हुन्छन् ।

लोकसाहित्यका विभिन्न विधाहरु मध्ये सबैभन्दा प्रचलित एवम् लोकप्रिय विधानका रुपमा रहेको लोकगीतका अनेक प्रकारहरु हुन्छन् । प्रत्येक जाति, समुदाय र क्षेत्रका आ-आफ्नै खालका संस्कृति, रीतिरिवाज, चालचलन र परम्परा हुन्छन् । त्यसैअनुसार त्यहाँ गाइने लोकगतिहरु पनि फरकफरक हुन्छन् । त्यसैले लोकगीतको कुनै खास वर्गीकरणभित्र सबै खालका लोकगीतहरुलाई समेट्न कठिन हुन्छ ।

महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड न.. २ चल्की टोलमा पनि आफ्नै खाका संस्कृति, रीतिरिवाज, चालचलन र परम्पराहरु छन् । यहाँ पनि अनेक खालका लोकगीतहर गाइन्छन् । यहाँ गाइने सबै प्रकारका लोकगीतहरुलाई समेट्ने गरी यस क्षेत्रमा संकलित लोकगीतलाई आफ्नै किसिमले वर्गीकरण गर्नु उपयुक्त हुन्छ । त्यसैले विभिन्न विद्वानहरुले गरेका लोकगीतका पूर्वोक्त वर्गीकरणहरलाई आधार मनेर महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. ३ चल्की टोलमा गाइने लोकगतिहरलाई यहाँ सरचना र सहभागिताका आधारमा वर्गीकरण गर्ने प्रयास गरिएको छ ।

## ५.२ संरचनाका आधारमा वर्गीकरण

लोकगीतका सन्दर्भमा संरचना भन्नाले  लोकगीतको बनोट वा बुनोट भन्ने बुझिन्छ । लोकगीतको आन्तरिक वा बाह्य गरी दुई प्रकारको संरचना हुन्छ । बाह्य संरचनालाई आवरण वा

पहिरन पनि भनिन्छ । यस बाह्य संरचना अन्तर्गत भाषा, लय, पंक्ति, अनुच्छेद, संङ्कथनजस्ता कुराहरु पर्दछन् । यी सबैको सामुहिक र कलात्मक समन्वयबाट नै लोकगतिको बाह्य संरचना निर्माण भएको हुन्छ । लोकगीतको आन्तरिक संरचना चाँहि वस्तुको सिलसिलेबार संयोजन गरिएको सारपूर्ण टुङ्ग्याउनी हो । *(ऐजन, पृ. ७६ )* लोकगीतको यही आन्तरिक संरचनामा भाव, अन्तर्लय, बिम्ब, प्रतीक, अलङ्कार आदिको भावात्मक र कलात्मक संयोजनबाट उच्च सौन्दर्यको सृष्टि भएको हुन्छ । संरचनाका आधारमा महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा गाइने लोकगीतहरुलाई लघुतम, लघु र कथात्मक गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ :

**(क) लघुतम लोकगीत**

कविता जस्तै लोकगीतमा पनि लघुतम रुप प्रचलित रहेको पाईन्छ । भावको एक तीव्र झिल्का यस्ता गतिमा तरङ्गित भएको हुन्छ । महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा प्रचलित बालगीतलाई यसप्रकारका गीत अन्तर्गत राख्न सकिन्छ । यहाँ प्रचलित लघुतम बालगीतको एक नमुना यस प्रकार छ :

हु तु तु तु पन्जा
बाघपन्जा
कपर्दी खेल्दा क्या मज्जा

**(ख) लघु लोकगीत**

गीतलेलिएको छोटो, छरितो सटीक विषयवस्तु अनुारको भावनालाई प्रस्तुत गर्न खालका लघुतम भन्दा लामा लोकगीतलाई लघुगीत भनी नामाकरण गर्न सकिन्छ । लघुतम गीतका तुलनामा यस्ता प्रकारका गीत केही विस्तृत आकारका हुन्छन् । यस अन्तर्गत महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा प्रचलित दाई, तीजे, देउसी, भैलो, एकोहोरी, दोहोरीजस्ता गीतहरु पर्दछन् ।

जस्तै : तीजको रहर आयो वरि लै !

**(ग) कथात्मक गीत**

कथात्मक गीतको संरचना लघुतम र लघुगीतको भन्दा लामो हुन्छ । यस्ता गीतले कथात्मक आयाम र गाथात्मक स्वरुप प्राप्त गरेका हुन्छन । महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा

गा.वि.स. वार्ड नं. २ चल्की टोलमा प्रचलित सँगिनी, बालनजस्ता गीतहरुलाई यसप्रकारका गीत अन्तर्गत राख्न सकिन्छ ।

जस्तै : बुवाका घरमा नवै जोर परेवी

है बाबा नवै जोर परेवी ।

## ५.३ सहभागिताका आधारमा वर्गीकरण

लोकगतिको पस्तुतीकरणमा हुने सहभागिताका आधारमा पनि महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा गाइने नेपाली लोकगीतहरलाई एकलगति, दोहोरीगीत र समूहगति गरी तीन वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

### (क) एकलगीत

एक मात्र व्यक्तिले एक्लै गाउने गीतलाई एकलगीत भनिन्छ । विभिन्न लय र भाकामा गाइने एकलगीत छोटा, मीठा र छरिता हुन्छन् । छोटा हुने हुनाले छोटो समयमै यस्ता गीतहरु गाउन र सुन्न सकिन्छ । सामान्य किसिमका नेपाली वाद्यवादन मादल, बाँसुरी आदिका साथमा गाइने एकलगतिमा नृत्य पनि प्रस्तुत गर्न सकिन्छ । एकलगीतमा मायाप्रीति लगायत अन्य विविध विषयवस्तु पनि समेटिएका हुन्छन् । महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा यस्ता एकलगीतहरु निकै प्रचलित छन् ।

जस्तै : खाने भए खाऊ पानी सारे,

जाने भए जाऊ माया मारेर ।

### (ख) दोहोरीगीत

दुई व्यक्ति वा दुई पक्षका बीच सवाल-जवाफ गर्दै गाइने गीतलाई दोहोरी गीत भनिन्छ । यसलाई जुवारी पनि भन्ने गरिन्छ । दोहोरीगीत विशेष गरेर युवायुवतीका बचि अथवा युवाहरुको समुह र युवतीहरुको समुहका बीच गाइन्छन् । परिचयबाट शुरु हुने यस्ता गतिका बीचबचिमा मायाप्रीतिका अनेक प्रसङ्गहरु ल्याएर ख्यालठट्टा पनि गरिएको हुन्छ । यस्ता गीत गाउँदा सवाल अनुसारको जवाफ गीतमै दिनुपर्ने हुँदा गायक-गायिकाहरु सजग र चनाखा रहन्छन् । यस्ता गीत गाउन तार्किक शक्ति र सृजनशीलताको पनि आवश्यकता पर्दछ । विभिन्न भाका र लयमा गायने दोहोरीगीतले स्रोतहरुलाई मनोरञ्जन प्रदान गर्नुका साथै उनीहरुमा कुतूहलता र उत्सुकता समेत

जगाउने गर्दछन् । यस्ता गीत महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा निकै प्रचलित छन् ।

जस्तै : कसकी छोरी कस्की हौ बुहारी

शक्ति भए आउ, खेलौ जुवारी

**(ग) समूहगीत**

समूहका बीच वा सामूहिक रुपमा गाइने गीतलाई सामूहिक गति भनिन्छ । यस्ता गीतमा पहिले एक व्यक्तिले गीतको भाका झिक्छ वा उठान गर्छ र त्यसैमा भाका मिलाएर गीत अगाडि बढाउन अन्य व्यक्तिहरुले स्वर थप्छन् । यस्ता गीतहरुमा सामान्य किसिमका वाद्यवादन मादल, बाँसुरी, खैंजडी, मुजुरा आदिको प्रयोग गरिन्छ । महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा प्रचलित सँगिनी, बालन र भजनजस्ता गीतहरुलाई समूहगीत अन्तर्गत राख्न सकिन्छ ।

जस्तै : कर्पूर गौरम् करुणा वतारम्

संसार सारं भुजेन्द्र हारम् ।

उपर्युक्त वर्गीकरणमा महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्कीमा गाइने सम्पूर्ण गीतहरु समेटिन नसक्ने हुँदा यहाँ प्रचलित सबै खालका लोकगीतहरलाई समेट्न विभिन्न विद्वान्हरुले गरेका लोकगीतका पूर्वोक्त वर्गीकरणलाई आधार मानी यहाँका लोकगीतहरुलाई मोटामोटी रुपमा चार प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

**महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्कीमा प्रचलित लोकगीतहरु**

| १. बाह्रमासे गीत | २. कर्म गीत | ३. संस्कार गीत | ४. पर्व गीत |
|---|---|---|---|
| (क) एकोदोरी गीत | (क) असारे गीत | (क) रत्यौली | (क) तीजे |
| (ख) दोहोरी गीत | (ख) दाइँ गीत | (ख) सिलोक | (ख) भैलो |
| (ग) सँगिनी गीत | | | (ग) देउसी |
| (घ) बालगीत | | | |
| (ङ) भजन | | | |
| (च) बालन | | | |

## १. बाह्रमासे गीत

बाह्रै महिनामध्ये जुनसुकै ऋतु वा महिनामा गाउन सकिने गीतलाई बाह्रमासे गीत भनिन्छ । कुने विशेष परम्परा, संस्कार, रीतिस्थिति वा समयविशेषको वास्ता नगरी जुनसुकै समयमा पनि गाइने हुनाले बाह्रमासे गीतलाई समान्यगीत पनि भनिएको पाइन्छ । बाह्रमासे गीत छोटो र छरितो हुन्छन् । लोकजीजवनका भावतरङ्गहरु यस्ता गीतमा तरङ्गित भएका हुन्छन् । विशेषगरी युवायुवतीका प्रेममय भावनाहरु अभिव्यक्ति हुने यस्ता गीतमा लोकजीवनका दु:ख-सुख, हर्ष-बिस्मान, हाँसो-आँसु, आशा-निराशाका साथै लोकजीवनका विधि-व्यवहार र मान्यतहरुको समेत चित्रण भएको हून्छ । यस्ता बाह्रमासे गीत महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा निकै लोकप्रिय रहेका छन् । यहाँ प्रचलित एकोहोरी, दोहोरी, सँगिनी, बालन, भजन, बालगीतजस्ता गीतहरुलाई यस वर्गका गीत अन्तर्गत राख्न सकिन्छ ।

जस्तै : धानलाई रोप्नु धुपुमा धुपु हातैमा क्यू लिउँला,

अरुलाई भने बोली र बचन हजुरलाई ज्यू दिउँला ।

## २. कर्मगीत

नेपाल कृषि प्रधान देश भएकोले यहाँको अधिकांश ग्रामीण समाज कृषि व्यवसायमा नै निर्भर रहेको छ । महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा बसोबास गर्ने अधिकांश मानिसहरको मुख्य व्यवसाय कृषि नै हो । कृषि सम्वन्धी विभिन्न कर्या गर्दा शारीरिक थकान मेट्न र मनोरञ्जन प्राप्त गर्न यहाँका मानिसहरुले लोकगीत गाउने गर्दछन् । यसरी कामका सिलसिलामा गाइने गीतहरु नै कर्मगीत हुन् । कुनै पनि काम गर्दा श्रम-परिहारका निम्ति गाइने भएकोले यस्ता गीतलाई श्रमगति पनि भन्ने गरिएको हो । *(चूडामणि बन्धु, (२०५८), पृ. १२३ ।)* *<u>नेपाली लोकसाहित्य,</u>* *(काठमाडौं : एकता चुक्स)* कर्मगति अन्तर्गत असारमा धान रोप्दा गाइने आसारेगीत, मङ्सिरमा धान झियाउने बला दाइँ गर्दा गाइने दाइँगीत पर्दछन् ।

जस्तै : मियोकाा टुप्पामा बसी गए कैली,

आजका दयरेलाई घिउका चैली ।

### ३. संस्कारगीत

हाम्रो समाजमा धर्म र संस्कृतिको महत्वपूर्ण स्थान रहि आएको छ । यहाँका धेरैजसो बासिन्दाहरुले हिन्दू धर्म अनुसार विभिन्न संस्कार कर्महरु गर्दै आएका पाईन्छन् । जन्मदेखि मृत्युपर्यन्तका सम्पूर्ण संस्कारहरु धर्म र संस्कृतिसँग नै सम्वद्ध छन् । नेपाली जनजीवनमा जन्म, छैटी, न्वारन, पास्नी, व्रतवनध, विवाह, मृत्युजस्ता संस्कारकर्म गर्ने प्रचलन रहेको छ । यस्ता संस्कारकर्म गर्दा विभिन्न किसिमका गीतहरु गाउने गरिन्छ । चल्की टोलमा अन्य संस्कारकर्ममा त्यति गीत गाउने प्रचलन छेन । तर विवाह संसकारका क्रममा यहाँ रत्यौली, सिलोक र खाँडोजस्ता गीतहरु गाईन्छ । त्यसैले यहाँ प्रचलित रत्यौली, सिलोक र खाँडोगीतहरुलाई संस्कारगीत अर्न्गात राख्न सकिन्छ ।

जस्तै : अनाधनी र्धनो देवः शेख चक्र गदा घर,
अक्षयम् पुण्डरीकाक्ष प्रेत मोक्ष प्रदोभव ।

### ४. पर्वगीत

चाडपर्व सिङ्गो नेपाली संस्कृतिकै एक महत्वपूर्ण पक्ष हो । आफ्ना रीतिरिवाज, परम्परा, धर्म, संस्कृतिलाई जीवन्त राख्न र मनोरञ्जन प्रदान गर्न चाडपर्वले महत्वपूर्ण, भूमिका खेलेका हुन्छन् । महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा दशैं, तिहार, तीजजस्ता चाडपर्वहरु धूमधामसँग मनाउने गरिन्छ । यहाँ तिहारमा देउसी, भैलो र तीजमा तीजे गीतहरु गाईन्छन् । त्यसैले पर्वगीत अन्तर्गत यहाँका देउसी, भैलो र तीजे गीतहरुलाई राख्न सकिन्छ ।

जस्तै : भैलेनी आयौं आँगन,
गुत्यू चेप्लो भागन ।

## ५.४ निष्कर्ष

नेपाल अधिराज्यको पूर्वाञ्चलमा अवस्थित महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोल लोकसाहित्यका दृष्टिले धनी छ । लोकसाहित्यका अन्य विधाहरु भन्दा पनि लोकगीत यहाँ सबैभन्दा बढी लोकप्रिय रहेको देखिन्छ ।

महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा प्रचलित लोकगीतहरुलाई तिनीहरुका प्रकृति हेरी बाह्रमासे, कर्म, पर्व र संस्कारगीत गरी जम्मा चार वर्गमा

वर्गीकरण गरिएको छ । बाह्रमासेगीतहरु यहाँ जुनसुकै समयमा पनि गाइन्छन् । अन्य गीतहरु चाहिँ विशेष समय र सन्दर्भ अनुसार गाईन्छन् । दाइँगीत मंसिरमा दाउनी/दाइँ गर्दा र असारेगीत असारमा धान रोप्दा गाईन्छ । त्यस्तै यहाँ तिहारमा देउसी, भैलो र तीजमा तीजे जस्ता पर्वगीतहरु गाइन्छन् । यहाँका विभिन्न संस्कारमा गाइने रत्यौली र खाँडो गीत प्रमुख रहेक छन् ।

महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा गाइने यस्ता विभिन्न प्रकारका लोकगीतहरुले यहाँका गाउँघर, पाटी, पौवा, चौतारी, डाँडाकाडा, मेलापात आदिलाई नै गुञ्जायमान बनाएका छन् । यहाँ गाइने लोकगतिले परम्परादेखी चलिआएका धर्म, संस्कृति र परम्पराको संरक्षण गरिरहेका छन् । यसका साथै मानव जीवनका कथाव्यथा, हर्षउल्लास आदिलाई पनि सरल, सहज, छरितो र सजिलो तवरले अभिव्क्त गरी मनोरञ्जनात्मकता समेत प्रदान गरेका छन् । यहाँ गाइने विभिन्न प्रकारका लोकगीतहरुमा यहाँका मानिसका दुःखसुखका साथै गरिबीका कराण उत्पन्न अनेक सामाजिक समस्याको अभिव्यक्ति पनि पाइन्छ । यहाँ गाइने विभिन्न विषय समेटिएका नेपाली लोकगीतको आफ्नै सास्कृतिक महत्व रहेको छ ।

# छैठो परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ६.१ उपसंहार

महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. मा प्रचलित लोकगीतहरुको संकलन, वर्गीकरण र विश्लेषण शीर्षकको यस अध्ययन प्रतिवेदनको पहिलो परिच्छेदमा अध्ययन प्रतिवेदनका समस्या, उद्देश्य, औचित्य, सीमाङ्कन, अध्ययन प्रतिवेदनका रुपरेखा आदिको परिचय दिइएको छ ।

दोस्रो परिच्छेदमा महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलको संक्षिप्त परिचय दिइएको छ । यस क्रममा चल्की टोलको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक परिचय, राजनीतिक/प्रशासनिक, विभाजन, नदीनाला, शैक्षिक स्थिति, साहित्यिक स्थिति र सामाजिक जनजीवनका बारेमा सामान्य जानकारी गराइएको छ ।

परिच्छेद तीनमा लोकसाहित्यको एक प्रमुख अङ्ग लोकगीतको संक्षिप्त सैद्धान्तिक परिचय दिइएको छ । यस क्रममा विभिन्न उपशीर्षक अन्तर्गत लोकसाहित्यको परिचय, लोकगीतको परिभाषा, वर्गीकरण र विशेषता आदिबारे चर्चा गरिएको छ ।

परिच्छेद चारमा महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा प्रचलित नेपाली भाषाका लोकगीतको संकलन प्रस्तुत गरिएको छ र संकलित गीतलाईवर्गीकृत रुपमा राखिएको छ ।

परिच्छेद पाँचमा महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा प्रचलीत नेपाली लोकगीतहरुलाई प्रथमतः संरचना र सहभागिताका आधारमा वर्गीकरण गर्ने प्रयास गरिएको छ । यस्तो वर्गीकरण अन्तर्गत यहाँका सम्पूर्ण लोकगीतहरु समेटिन नसकेकोले यहाँका लोकगीतहरुलाई समग्र रुपमा बाह्रमासे गीत, कर्म गीत, संस्कार गीत र पर्व गीत गरी जम्मा चार प्रकारमा वर्गीकरण गरी सबै प्रकारका लोकगीतको सामान्य परिचय प्रस्तुत गरिएको छ । बाह्रमासे गीत अन्तर्गत पर्ने एकोहोरी, दोहोरी, सँगिनी, बालगीत, भजन र बालनजस्ता गीतहरु यहाँ बाह्रै महिना गाईन्छन् । यस्ता गीतले मानव जीवनका सम्पूर्ण पक्षलाई छोएको हुन्छन् । कर्मगीत अन्तर्गत पर्ने असरो, दाइँ गीतहरुले यहाँ गरिने कामको परिचय दुनका साथै यिनमा यहाँको कृषक जीवनका भोगाइ र मनोदशाहरु व्यक्त भएका हुन्छन् । संस्कारगीत अन्तर्गत पर्ने रत्यौली, सिलोक, खाँडोजस्ता गीतहरुले यस जिल्लाको परम्परित संस्कारको संरक्षण गर्दै आएका छन् । तीजे, भैलो, देउसीजस्ता पर्वगतिहरुले यस जिल्लामा पृचलित चाडपर्वहरुको जानकारी गराउँछ ।

## ६.२ निष्कर्ष

प्रस्तुतिका दृष्टिले महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा प्रचलित सबै लोकगीतहरु आ आफ्नै किसिमका छन् । कुनै गीतहरु पुरुषद्धारा मात्र गाइन्छन् भने कतिपय गीतहरु महिलाहरले मात्र गाउने गर्दछन् । जस्तै यहाँ बालन, खाँडो, दाइँजस्ता गीतहरु पुरुषले मात्र गाउँ भने तीजे, रत्यौली, सँगिनी, भैलो जस्ता गीतहरु महिलाले मात्र गाउँछन् । त्यस्तै कुनै गीतहरु महिला र पुरुष दुबैले गाउने गर्दछन् : जस्तै एकोहोरी, दोहोरी, बालगीत, सिलोक, असारे आदि । यहाँ गाइने कतिपय लोकगतिहरु आख्यानरहित छन् भने कतिपय गीत सूक्ष्म आख्यानात्मक छन् । आख्यानात्मक गीतहरुमा सँगिनी, बालन, खाँडोजस्ता गीतहर पर्दछन् । यी गीतहरु कुनै एक्ल गायनमा आधारित छन् भने कुनै दोहोरो गायनमा आधारित छन् । त्यस्तै कतिपय लोकगीतहरु सामुहिक गायनमा आधारित छन् । तीजे, भैलो, देउसी, सँगिनी, बालन आदि गीतहरु सामूहिक रुपमा गाइन्छन् भने दाइँ, खाँडो आदि गीतहरु एकल रुपमा गाइन्छन् । त्यस्तै असारे, सिलोकजस्ता गीतहरु चाहिँ एक्लै गाउनुका सौ दोहोरीका रुपमा पनि गाईन्छन् ।
चल्की टोलमा गाइने लोकगीत यहाँको समाजको भावभूमि उतारिएको पाइन्छ । यहाँका लोकगीतहरुमा लोकजीवनका विरह-वेदना, मिलन-बिछोड, घात-प्रतिघात, पारिवारिक असन्तुष्टि, आर्थिक र प्राकृतिक चित्रण नारीहरुका बाध्यता, विवशता र गृहस्थी जीवनका तीतामीठा अनुभूतिलाई व्यक्त गरिएको हुन्छ ।

चल्की टोलका सबैजसो लोकगीतमा सामाजिक जीवनको चित्रण कुनै न कुनै रुपमा गरिएको पाइन्छ । समाज नै लोकगीतको सिर्जनास्थल हो । लोकगीतमा जे व्यक्त गरिएको हुन्छ त्यो समाजसापेक्ष नै हुन्छ । समाजमा विद्यमान कृषि पेसा, मानवीय माया-ममता, संयोग-वियोग, युवायुवतीमा हुने प्रेमभाव बालबालिकाप्रति समाजको चासो, गरिबी, अशिक्षा आदि विषयवस्तु चित्रण, आर्थिक जीवनको चित्रण, लवाई ख्वाई सम्वन्धी कुराहरुको चित्रण पनि पाईन्छ । यी गीतमा प्राकृतिक सौन्दर्यको चित्रण पनि जिवन्त रुपमा गरिएइको हुन्छ ।

संरचनाका दृष्टिकोणले हेर्दा यहाँका लोकगीतमा विविधता पाइन्छ । यहाँ प्रचलित कतिपय लोकगीतमा स्थायी र अन्तरा दुबै पाइन्छन् भने कतिपय लोकगतिमा स्थायीको व्यवस्था देखिदैन । यहाँ गाइने गीतमा एक पाउमा न्यूनतम दुई तीन अक्षरदेखि लिएर अधिकतम बाईस-चौबीस अक्षरसम्म रहेको पाइन्छ । यहाँका लोकगीतहरु न्यूनतम दुई पंक्तिमा हुन्छन् भने अधिकत्म विस्तारित गीतको प्चलन पनि यहाँ देखिन्छ

लय वा भाकाका दृष्टिले पनि यहाँका लोकगीतहरुमा विविधता पाईन्छ । यहाँका लोकगीतमा प्रचलित लोकप्रिय भाका चाहिँ चुड्के र झ्याउरे हुन् । यी गीतहरुका धेरैजसो पहिलो पंक्ति लगायत संगित मिलाउन र दोस्रो पंक्ति गीतको मूल भाव व्यक्त गर्न प्रयोग भएको देखिन्छ । यहाँका कतिपय गीतहरु छोटा लयमा र कुनै लामा लयमा गाइन्छन ।

अझसम्म पनि नेपाली लोकगीतका छन्द र लयको व्यवस्थित अध्ययन भइनसकेकाले यस सम्वन्धी कतिपय समस्याहरु रहेका छन । यति हुँदाहुँदैपनि लयगत भेदहरुको पहिचान गर्न स्थानीय प्रचलन अनुसार ती लयहरुको नामाकरण गरिएको पनि देखिन्छ ।

महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा प्रचलित लोकगीतमा प्रयुक्त भाषिक स्वरुप पनि आफ्नै प्रकारको छ । यस क्षेत्रका लोकगीतमा कृत्रिमता वा बनावटरहित सरल, सरस, स्वाभाविक भाषाको प्रयोग भएको पाइन्छ । यहाँका लोकगीतमा पर्याप्त मात्रामा स्थानीय भाषिकका शब्दहरुको प्रयोग भएको पाईन्छ । अङ्ग्रेजी, हिन्दी आदि आगन्तुक शब्दका परिवर्तित रुप पनि यी गीतमा प्रयोग भएको देखिन्छ । यहाँका लोकगीत लोकतत्वले भरिएका हुन्छन् र लोकविश्वास, लोकका मान्यता एवम् स्थानीय बोलचालका भाषा, थेगा, आदिको प्रयोगले यिनमा रोचकता र कौतूहलता थपिएको देखिन्छ ।

यहाँ संकलित गीतमा प्रयोग भएका अनुकरणात्मक शब्दले श्रृतिमाधुर्य थपेका छन् भने निपातको प्रयोगले अभिव्यक्तिलाई तिख्खर बनाएका छन् । यहाँका लोकगीतहरु वर्णनात्मक र विवरणात्मक शैलीमा प्रस्तुत गरिएका छन् । यहाँका कतिपय लोकगीतहरु संवादात्मक शैलीमा प्रस्तुत गरिएका पाइन्छन् भने कतिपय लोकगीतहरु लोकका अन्तर्हृदयका भावनाहरुलाई एकालापीय रुपमा प्रस्तुत गरिएका पनि देखिन्छन् । यहाँका लोकगीतहरु एकल, युगल, सामूहिक एवं अभिनयात्मक रुपमा प्रंस्तुत गरिएका हुन्छन ।

निष्कर्षमा के भन्न सकिन्छ भने चल्की टोलका लोकगीतमा यहाँको स्थानीय लोकधारणा, सामाजिक परिवेश, आर्थिक अवस्था, धार्मिक विश्वास, शैक्षिक स्थितिका साथै लोकमानसका विविध पक्षको चित्रण गरिएको पाइन्छ । त्यसैगरी यिनमा यहाँका मानिसका आँसु-हाँसो, मिलन-बिछोड, उत्साह-उमङ्ग भाव पनि प्रकट भएका हुन्छन् ।

## ६.३ सम्भाव्य शोधशीर्षकहरु

महोत्तरी जिल्ला अन्गार्त विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलका लोकगीतको संकलन र अध्ययनसँग सम्वन्धीत प्रस्तुत अध्ययन प्रतिवेन प्रतिवेदन यहाँका लोकगीतको अध्ययनका क्षेत्रमा अवश्यै महत्वपूर्ण योगदान पुऱ्याएको छ तापनि लोकसाहित्यको पूर्णाङ्ग अध्ययन प्रस्तुत अध्ययन प्रतिवेदनमा पनि हुन सकेको छैन । यसमा लोकसाहित्यको एउटा विधा लोकगीतलाई मात्र समेटिएको छ । त्यसैले भविष्यमा यहाँ लोकसाहित्यका अन्य विधाहरुको पनि अध्ययन गर्नु आवश्यक छ । त्यसैले चल्की टोलमका लोकसाहित्यका सम्पूर्ण पक्षलाई समेट्ने गरी भविष्यमा शोधकार्य गर्नका लागि निम्नलिखित अध्ययन प्रतिवेदन शीर्षकहरु सम्भाव्य देखिन्छन् :

(१) नेपाली लोकसाहित्यमा महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलको योगदान

(२) महोत्तरी जिल्ला अन्तर्गत विजलपुरा गा.वि.स. वार्ड नं. २ चल्की टोलमा प्रचलित लोककथाहरुको अध्ययन

(३) चल्की टोलमा प्रचलित उखान-टुक्काको अध्ययन

# सन्दर्भग्रन्थ-सूची

## (क) पुस्तक


१. अनिल, सन्तराम, (१९७५) ***कन्नोज लोकसाहित्य,*** दिल्ली : अभिनव प्रकाशन,

२. आर. डि. र एल. एल., (२०२३) ***नपालका विभिन्न जाति र लोकगीत : एक परिचय,*** ललितपुर : जगदम्बा प्रकाशन ।

३. उपाध्याय, केशव प्रसाद, (२०४८) ***पूर्वीय साहित्य सिद्धान्त,*** (दो.सं.), काठमाडा. : साझा प्रकाशन ।

४. उपाध्याय, कृष्णदेव, (१९९८) ***लोकसाहित्यकी भूमिका*** (सा.सं.), प्रयाग : साहित्य भवन लिमिटेड ।

५. कन्दङ्वा, काजीमान, (२०२०) ***नेपाली जनसाहित्य,*** काठमाडौं, रायल नेपाल एकेडेमी ।

६. कोइराला, कृष्णराज, (२०४९) ***नेपालीलोकगति सङग्रह,*** विराटनगर : कोइराला प्रकाशन ।

७. कोइराला, शम्भुप्रसाद, (२०५५) ***लोकसाहित्य सिद्धान्त र विश्लेषण,*** विराटनगर : धरणीधर पुरस्कार प्रतिष्ठान ।

८. गिरी, जीवेन्द्रदेव, (२०५७) ***लोकसाहित्यको अवलोकन,*** काठमाडौं एकटा प्रकाशन ।

९. जोशी, सत्यमोहन, (२०४१) ***हाम्रो लोकसंस्कृति,*** काठमाडौं : रन्तपुस्तक भण्डार ।

१०. त्रिपाठी, वासुदेव, (२०३२) ***सिंहावलोकन*** (दो.सं.) काठमाडौं : साझा प्रकाशन ।

११. थापा धर्मराज, (२०३०) ***गण्डकीका सुसेली,*** काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

१२. थापा, धर्मराज र हंसपुरे सुवेदी, (२०४१) ***नेपाली लोकसाहित्यको विवेचना,*** काठमाडौं पा.वि.के. त्रि.वि. ।

१४. दिवस, तुसली (सम्पा), (२०३२) ***नेपाली लोकसंस्कृति संगोष्ठि, काठमाडौं*** : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

१५. नेपाल, पूर्णप्रकाश यात्री (२०४१) ***भेरी लोकसाहित्य,*** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

१६. नेपाल सरकार, सञ्चार मन्त्रालय, (२०३१) ***मेचीदेखि महाकाली*** (भाग १) काठमाडौं ।

१७. पन्त, कालभिक्त, (२०२८)***हाम्रोसांस्कृतिक इतिास,*** स्याङ्जा : लेखक स्वयम् ।

१८. पराजुली, कृष्णप्रसाद, (२०५७) ***नेपाली लोकगीतको आलोक,*** काठमाौं : वीणा प्रकाशन ।

१९. बन्धू, चण्डामुणि, (२०५८) ***नेपाल लोसाहित्य,*** काठमाडौं : एकटा बुक्स ।

२०. लोहनी लक्ष्मण, (२०२२) ***रोदीघर*** (दो.सं.), काठमाडौं रत्पनपुस्तक भण्डार ।

२१. शोध, शोधकर्ता र निर्देशक - डा. चुडामणि वन्धु, रत्न पुस्तक भण्डार ।

२२. शाध विधि - मोहन राज शर्मा र खगेन्द्र लुइटेल, साझा प्रकाशन ।

**(ख) कोश**

१. पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), (२०४०) ***नेपाली बृहत् शब्दकोश*** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

२. वर्मा, धीरेन्द्र (सम्पा.) (२०२०) ***हिन्दी साहित्यकोश*** (भाग १) (दो.सं.) वारणसी : ज्ञानमण्डल लिमिटेड ।

३. शर्म्मा, वसन्तकुमार 'नेपाल', (२०५८) ***नेपाली शब्दसागर*** (दो.सं.) काठमाडौँ : भाभा पुस्तक भण्डार ।

**(ग) पत्र-पत्रिका**

१. घिमिरे, कृष्णप्रसाद, ''लोकगीतको परिभाषा र वर्गीकरण'', (२०५४) ***कुञ्जिनी,*** (साहित्य समालोचना विशेषाङ्क), वर्ष ५, अङ्क ३ ।

२. जोशी, सत्यमोहन, ''लोकगीतको झलक'', (२०१३) ***प्रगति,*** (वर्ष ३, अङ्क २, पूर्णाङ्क १४, ।)